जनकपुर टुडेको सम्पर्क नं.
९८५४०२६०२५,
९८०१६२६०२६,
०४१-५९११०१
विज्ञापनको लागि मात्र
jtodaynews@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक
# जनकपुर टुडे
Janakpur Today Daily
www.ejanakpurtoday.com



वर्ष २७ • अंक ११ • २०८२ साल जेठ १७ गते शनिबार (31 May, Saturday, 2025) • पृष्ठ ८ • मूल्य रु. ५।-

## मन्त्री लेखीको पद धरापमा

**टुडे समाचारदाता**

जनकपुरधाम। नेकपा एमालेमा पुनरागमन गरी मधेश प्रदेश सरकारमा गृह कानून तथा संचारमन्त्री बन्न सफल भएका राजकुमार लेखीको अहिले पार्टी भित्रै चर्को आलोचना भइरहेको छ।

मन्त्री लेखीको कार्य शैली, व्यवहार र मनपरीतन्त्रले एमाले पार्टीका नेताहरूसमेत असन्तुष्ट बनेको एमालेका केही नेताहरुले बताएका छन्। एमालेको मधेश प्रदेश कमिटीले हालै बर्दिवासमा आयोजना गरेको विस्तारित बैठकमा मन्त्री लेखीको कार्यशैलीमाथि गम्भीर प्रश्न उठेको सहभागी एक नेताले बताए।

मन्त्री लेखीले मधेश मिडिया काउन्सिलको अध्यक्ष नियुक्तिको क्रममा गुपचुप रुपमा मनोमानी गरेको आरोप लागेका छ। सो बैठकमा मन्त्री लेखीले विभिन्न नेताहरूको नाम लिँदै उनीहरूले कमल उपाध्यायलाई अध्यक्षमा सिफारिस गरेको बताएका थिए। नेतृ ज्वाला साहले मन्त्री लेखीको भनाइको तत्काल प्रतिवाद गरेपछि उनले आफ्नो भनाइ सच्याउनुपरेको थियो।

पार्टीका मधेश प्रदेश इन्चार्ज लीलानाथ श्रेष्ठ र मधेश प्रदेश कमिटीलाई समेत नियुक्तिको बारेमा कुनै जानकारी नदिएको भन्दै बैठकमा सहभागी नेताहरूले आक्रोश व्यक्त गरेका थिए।

प्रेस चौतारीका नेता उपाध्यायलाई काउन्सिलको अध्यक्षमा नियुक्त गरेको भोलिपल्टै अख्तियार दुरुपयोग अनुसन्धान आयोगले उनीविरुद्ध विशेष अदालतमा उजुरी दर्ता गरेको थियो।

प्रेस चौतारी नेपालका नेताहरूले नै मन्त्री लेखीमाथि पैसा लिएर नियुक्ति गरेको आरोप लगाउँदै चर्को आलोचना गरेका थिए। मन्त्री लेखीले २२ लाख रुपैयाँ लिएर नियुक्ति गरेको आरोपत छ।

मन्त्री लेखीले पार्टीको संस्थागत निर्णय नपर्खिनु, संसदीय दलको नेता तथा अन्य जिम्मेवार नेताहरूसँग छलफल परामर्श नगरी नियुक्ति गरेको विषयमा पार्टीले उनलाई बजेटसम्म मात्र मन्त्री पदमा राखि त्यसपछि फिर्ता बोलाउने तयारी गरेको बैठकमा सहभागी एक नेताले बताए।

मन्त्री लेखी विवादमा आएपछि मिडिया काउन्सिलको बोर्डको नियुक्ति स्थगित गरिएको छ। मन्त्री लेखीलाई मिडिया काउन्सिलको पुनः आवश्यकता सम्बन्धी सूचना प्रकाशन गर्न निर्देशन दिएको स्रोतले जनाएको छ।

गणतन्त्र दिवसको अवसरमा मन्त्री लेखीले नेतृत्व गरेको मन्त्रालयले आयोजना गरेको सम्मान कार्यक्रममा समेत पत्रकारलाई सम्मानको नाममा अपमान गरेको आरोप समेत लागेको छ।

# कांग्रेस नेता आलमलाई मस्तिष्कघात

## उपचारका लागि न्यूरो अस्पताल भर्ना, आईसीयूमा उपचार, न्यायाधिशमाथि छानबिन माग

**टुडे समाचारदाता**

काठमाण्डु । रौतहट बमकाण्डका आरोपबाट सफाइ पाएको ४० घण्टा नवित्दै नेपाली कांग्रेसका पूर्वसांसद मोहम्मद आफताब आलमलाई मस्तिष्कघात भएको छ । उनलाई उपचारका लागि अन्नपूर्ण न्युरो अस्पतालमा भर्ना गरिएको छ।

उनको स्वास्थ्यमा शुक्रबार बिहान समस्या देखिएपछि उपचारका लागि न्यूरो अस्पताल लगिएको थियो । आलमलाई आईसीयूमा भर्ना गरेर उपचार शुरु गरिएको छ । परिवारले बिहान साढे १० बजे नै आलमलाई अस्पताल पुऱ्याएको थियो । परिवारजनका अनुसार बिहान ७ बजेतिर आलमलाई मस्तिष्कघात भएको थियो।

अस्पताल पुग्दा बोली लरबरिएको थियो भने दाहिने हर कमजोर अवस्थामा रहेको उपचारमा संलग्न चिकित्सकहरुले जनाएका छन् । एमआरआई गरेर हेर्दा एक्युट स्ट्रोक देखिएको थियो।

उनलाई औषधि चलाएर आईसीयूमा राखेर उपचार भइरहेको उपचारमा समंलग्न चिकित्सकहरुले जनाएका छन् । परिवारका अनुसार अलामले सुगर र ब्लडप्रेसरको औषधि समेत सेवन गर्दै आइरहेका छन्। रौतहटमा भएको बम विस्फोटका अभियुक्त आलम बुधबार साँझ ललितपुरस्थित नख्खु कारागारबाट रिहा भएका थिए। जिल्ला अदालत रौतहटको आदेशलाई उल्ट्याएर बुधबार उच्च अदालत जनकपुरको अस्थायी इजलास वीरगन्जले रिहा गर्न आदेश दिएको थियो।

बम बिस्फोटका घाइतेहरूलाई ज्युँदै इँटाभट्टामा जलाएर मारेको अभियोगमा जिल्लाबाट दोषी करार भएका नेपाली कांग्रेसका पूर्वसांसद आलमसहित चार जनालाई बुधबार उच्च अदालतको वीरगञ्ज इजलासले ज्यान मुद्दामा सफाइ दिएको थियो।

२०६४ सालको संविधानसभा निर्वाचनको अघिल्लो दिन रौटहटमा विस्फोट भएको थियो। कांग्रेस उम्मेदवार आलमले आफ्ना काका शेष इद्रिसको घरमा बम बनाउन केहि जानकारहरुलाई लगाएको आरोप लागेको थियो ।बम बनाउने क्रममा बिस्फोट भएको थियो।

बिष्फोटमा घाइते भएका केही मानिसहरुलाई जिउँदै बोरामा हालेर ईट्टा भट्टाको भट्टीमा जलाइएको स्थानीयहरुले आरोप लगाउँदै आएका छन् ।सो मुद्दा १२ वर्षपछि २०७६ सालमा व्यूतिएको थियो। प्रहरीले आलम विरुद्ध कर्तव्य ज्यान लगायत ४ वटा मुद्दा दर्ता



गरी आलमलाई पक्राउ गरेको थियो।

त्यसका लागि सर्वोच्च अदालतले प्रहरीलाई आदेश दिएको थियो । सर्वोच्च अदालतको आदेश र तत्कालीन माओवादी सांसद प्रभु साहको दबाबले आलमलाई पक्राउ गरी जिल्ला अदालत रौतहटमा मुद्दा दर्ता गरिएको थियो ।जिल्ला अदालतले आलमलाई जन्मकैदको सजाय सुनाएको थियो ।सो सजाय उनले नख्खु जेलमा रहेर काटिरहेका थिए। झण्डै ६ वर्षपछि उच्च अदालत जनकपुरको अस्थायी इजलास वीरगञ्जले आलमलाई गत बुधबार सफाई दिएको थियो । न्यायाधीशहरू डा. खुसीप्रसाद थारु र अर्जुन महर्जनको इजलासले रौतहट जिल्ला अदालतको फैसला उल्ट्याउँदै आरोपितहरूलाई सफाइ दिएको घटनापछि चौतर्फी प्रश्न उठेको छ । कांग्रेस कोटामै नियुक्ति न्यायाधीश डा. खुसीप्रसाद थारु नेतृत्वको इजलासले कमजोर धरातल र आधार टेकेर विवादास्पद रूपमा सफाइ दिँदा निष्पक्ष न्याय निरूपणमाथि आशंका बढेको हो । त्यसैको प्रतिक्रिया स्वरूप फैसलाको पूर्णपाठ तयार नहुँदै न्यायपरिषद्मा न्यायाधीशद्वय थारु र महर्जन विरुद्ध उजुरी दर्ता भएको छ।

पीडित परिवारहरुले पनि न्यायका लागि सर्वोच्च अदालत जाने बताएका छन् । उनीहरुले नेपाली कांग्रेसका नेता रहेका आलमलाई कांग्रेस पार्टीको कोटाबाट न्यायाधिश बनेका थारु नेतृत्वको इजलासले गलत फैसला गरेको आरोप लगाएका छन्।

उनीहरुले उच्च अदालतको वीरगञ्ज इजलासबाट न्याय पाउन नसकेकोले न्यायका लागि सर्वोच्चमा मुद्दा गर्ने बताएका छन्। पीडितहरु आलमको रिहाईपछि डराएको बताइरहेका छन्।

रौतहट जिल्लामा आलमलाई पक्राउ गर्नुपर्ने र छाड्नु पर्ने पक्ष विपक्षमा कयौं पटक जुलुस र प्रदर्शन भएको थियो । तर जिल्ला अदालतले आलम सहित ४ जनालाई जन्मकैदको सजाय सुनाएको थियो। सो फैसला विरुद्ध आलमले उच्च अदालत जनकपुरको अस्थायी इजलास वीरगञ्जमा मुद्दा दर्ता गराएका थिए।

उच्च अदालतको वीरगञ्ज इजलासमा ३ दिन सम्म बहस चलेको थियो। त्यसपछि आएको फैसला विवादमा परेको छ।







# काठमाडौँको प्रदर्शनीमा राउटेले पहिलोपटक देखाए हस्त-शिल्पकला

काठमाण्डु । नेपाल ललितकला प्रज्ञा प्रतिष्ठानको एक छेउमा सुर्खेतबाट आएका राउटे दीपक शाही बसिलाले टुनीको काठमा आकार दिँदै हुनुहुन्छ । उहाँको छेवैमा धयर शाही पनि टुनीको ठेउकोलाई आकारमा ढाल्दै हुनुहुन्छ। उहाँहरुका साथमा राउटे समुदायकि महिला बाटुली र सुरमानी कपडामा बुट्टा भर्दै हुनुहुन्छ।

आफ्नै पोसाकमा सजिएका उनीहरु असिनपसिन भएर हस्त-शिल्पकला काठ र कपडामा देखाउँदै हुनुहुन्छ । उहाँहरुले गरिरहेको काम काठमाडौँ उपत्यकाबासीका लागि नौलो थियो । पुरुषहरु कोसी (आरी) बनाउँदै त महिलाहरु कपडामा बुट्टा सिलाउँदै हुनुहुन्थ्यो।




बिहीबारदेखि यहाँ सुरु भएको राष्ट्रिय ललितलकला प्रदर्शनी, २०८२ का अवसरमा ललितकलाकै इतिहासमा पहिलो पटक राउटेहरु यसरी कला सिर्जनामा सहभागी हुनुभएको हो । उहाँहरुले यहाँ प्रत्यक्ष रुपमा कला कार्यशाला नै गर्नु अर्को नयाँ थियो ।

प्रदर्शनीमा कला हेर्न आइपुगेका कला पारखीहरु राउटेको प्रस्तुति देख्दा सेल्फीमा रमाएका दृश्य हेर्न लायक थियो । उहाँहरुले राउटेले गरेका काम श्रव्यदृश्यमा कैद गर्न भ्याउनुभयो । मुङ्गोको सहयोगमा बसिलो प्रयोग गरेर उहाँहरुले हस्तकला कोसी बनाउनुभयो । "सानो छिनु ल्याइएन, त्यसैले चिल्लो बनाउन पाएन, बसिलोले काठमा आकार बनाउँदै छु", दीपक शाहीले राससको जिज्ञासाको जवाफ दिनुभयो ।

उहाँका अनुसार डाडु, पन्यूँ, कोसी, ढकल, सन्दुक, पिर्का राउटेका मुख्य हस्त-शिल्पकला हो। प्रदर्शनीमा उहाँहरुका हस्तकलासमेत राखिएको छ। यो पनि ललितकलाको इतिहासमै पहिलो पटक सरकारी तहबाट राउटेको कला प्रदर्शनीमा समावेश भएको हो।

त्यसमाथि हस्त शिल्पकलामा यसपटक उहाँहरुले बनाएको कला प्रादेशिक पुरस्कार प्राप्त गर्न समेत सफल भएको छ । उहाँहरुले रु ३० हजार राशिको पुरस्कार पाउनुभयो। "हामी खुसी छम्, यहाँ आएम्, पैसा दिनुभयो, हामीले बनाएका सामान बिक्री भइरहेको छ", दीपकले थप्नुभयो।

उहाँहरुको २० वटा कोसी बिक्रीका लागि भनेर यहाँ ल्याइएको थियो । सबै बिक्री भएको प्रतिष्ठानका सदस्यसचिव देवेन्द्रकुमार काफ्ले थुम्केलीले जानकारी दिनुभयो । उहाँले भन्नुभयो, "नेपालको लोपोन्मुख समुदाय राउटेका हस्त शिल्पकलालाई हामीले राष्ट्रियस्तरमा जोड्न सफल भएका छौँ, कलामा पुनःजागरण भनेर हामीले काम गरिरहेका छौँ, यसरी रैथाने मौलिक कला जोगाउनु हाम्रो महत्वपूर्ण उद्देश्य थियो, एक हिसाबले सफल भएको महसुस गरेका छौँ ।"

उहाँले यसपालि तराईको डोम समुदायको कलासमेत समावेश गरिएको बताउनुभयो।

मुख्यगरी राउटेहरुसँग जोडिएको प्रादेशिक कला प्रदर्शनीले हो। गत फागुन ६ देखि १० गतेसम्म कर्णालीमा प्रादेशिक कला प्रदर्शनी आयोजना गरिएको थियो।

राउटे समुदायको कला पनि छ भन्ने थाहा पाएपछि स्थानीयहरुको सहयोगमा उनीहरुको बस्तीमै गएर कला प्रदर्शनीमा सहभागी गराइएको थियो । "उहाँहरुले कर्णालीमा पनि प्रत्यक्ष कला कार्यशाला गर्नुभएको थियो । त्यही बेलादेखि उहाँहरु हाम्रो सम्पर्कमै हुनुहुन्थ्यो, उहाँका सहयोगी लालबहादुर खत्रीसँगको समन्वयमा काठमाडौँमा कला सिर्जनाका लागि ल्याउन सफल भयौँ", कर्णाली कला प्रदर्शनीका संयोजक, प्रतिष्ठानका प्राज्ञ परिषद् सदस्य पाल्साङ्मो लामाले बताउनुभयो।

> "त्यही बेलादेखि उहाँहरु हाम्रो सम्पर्कमै हुनुहुन्थ्यो, उहाँका सहयोगी लालबहादुर खत्रीसँगको समन्वयमा काठमाडौँमा कला सिर्जनाका लागि ल्याउन सफल भयौँ", कर्णाली कला प्रदर्शनीका संयोजक, प्रतिष्ठानका प्राज्ञ परिषद् सदस्य पाल्साङ्मो लामाले बताउनुभयो ।

प्रतिष्ठानका कुलपति नारदमणि हार्तम्छालीले प्रतिष्ठानले एउटा प्रयास गेरर रैथाने कलाहरुलाई उजागर गर्ने प्रयास गरेको र आगामी दिनमा यस्ता मौलिक कलाका साथै अनुसन्धान, कलाकारको सर्वेक्षणलगायतका कामलाई प्राथमिकता दिने बताउनुभयो।

### सूर्यनारायणले काठमाडौंमा कला देखाउन पाएनन्

कर्णाली प्रदेशमा भएको कला प्रदर्शनीमा राउटे मुखिया सूर्यनारायण शाहीको कला प्रदर्शनी भएको थियो । उहाँले कला कार्यशालामा समेत आफ्नो कला देखाउनुभएको थियो । तर उहाँको केही समय अघि निधन भएकाले काठमाडौँमा उहाँले कला देखाउन पाउनुभएन। यद्यपि उहाँले बनाउनुभएको पिर्का र ढकनसहितको कोसी यहाँ देख्न सकिन्छ । प्रदर्शनीमा लोकेन्द्र शाहीले बनाएको डाडु, बन्दावीर शाहीले बनाएको कोसी र ढकन, दीपक शाहीले बनाएको सन्दुक, खगेन्द्र शाहीले बताएको डाडु, धयर शाहीले बनाएको पन्यूँ राखिएको छ।। उहाँहरुका कला प्रदर्शनीको मुख्य आकर्षण पनि रहेको प्रतिष्ठानका उपकुलपति तथा उक्त कला प्रदर्शनी संयोजक लालकाजी लामाले बताउनुभयो।

कला प्रदर्शनी यही जेठ ३१ गतेसम्म जारी रहने छ। नेपाल ललितकला प्रज्ञा-प्रतिष्ठानले 'सामाजिक रूपान्तरणः ललितकलाको अभियान' भन्ने मूल भावमा रहेर सम्पन्न भएको ' प्रादेशिक ललितकला प्रदर्शनी-२०८१' मार्फत छानिएका कलाकृति समावेश गरी यहाँ राष्ट्रिय कला प्रदर्शनी सुरु गरेको हो।

प्रदर्शनीमा देशका ६५ जिल्लाका लोककला, शिल्प-हस्तकला, परम्परागत चित्रकला/मूर्तिकला, वास्तुकला, समसामयिक/आधुनिक चित्रकला/मूर्तिकला, बहुआयामिक तथा अन्य सिर्जनात्मक कला, प्रतिस्थापन, भावभङ्गिमा, फोटोग्राफी, भिडियो आर्ट, डिजिटल, कार्टुनलगायतका विविध विधाका प्रतियोगी, अप्रतियोगी र आमन्त्रित ६०५ कलाकारका ६५० भन्दा बढी कलाकृति समावेश छन् । जसमा मुख्यतः थारू, अवधि, मिथिला, नेवार, पर्वते, भोजपुरी, तामाङ, राउटे, डोम, राई, किरातका कलाको विशेष सहभागिता रहेको छ।

### सम्मान र पुरस्कार

समारोहमा यस वर्षको 'अरनिको ललितकला राष्ट्रिय प्रज्ञा सम्मान' अग्रज कलाकारहरू डा सीमा शर्मा शाह र मङ्गल लामालाई प्रदान गरिएको छ। यस पुरस्कारको राशि एक लाख ५० हजार र सम्मानपत्र रहेको छ।

'सहिद कलाकार अनिल लामा स्मृति (ललितकला) पुरस्कार २०८१' कलाकार अस्मिना रञ्जित र 'सहिद कलाकार बाबुराम लामा स्मृति (ललितकला) पुरस्कार २०८१' गङ्गाधर सारुलाई प्रदान गरिएको छ। यी पुरस्कारको राशि रु ५०/५० हजार र सम्मानपत्र रहेको छ । राष्ट्रिय ललितकला लेखन पुरस्कार सरोज बज्राचार्य, राष्ट्रिय ललितकला पत्रकारिता पुरस्कार क्रमशः पत्रकार शिवा तामाङ र हेमन्त गौतमलाई प्रदान गरिएको छ।

ललितकला लेखन पुरस्कारको राशि ६० हजार र सम्मानपत्र तथा ललितकला पत्रकारिता पुरस्कारको राशि ३०/३० हजार र सम्मानपत्र रहेको छ । ललितकला प्रवर्द्धन सम्मान भने नेपाल हस्तकला महासङ्घ र प्रतिमा पाण्डेलाई प्रदान गरियो ।सर्वोत्कृष्ट राष्ट्रिय ललितकला पुरस्कार विनम्र डङ्गोल (परम्परागत चित्रकला)लाई प्रदान गरियो। यस पुरस्कारको राशि एक लाख र सम्मानपत्र रहेको छ।

राष्ट्रिय ललितकला पुरस्कार समसामयिक चित्रकलातर्फ कृष्ण लामा, समसामयिक/आधुनिक मूर्तिकलातर्फ चन्द्रमणि मगर, परम्परागत चित्रकलातर्फ शङ्करकुमार जोशी, परम्परागत मूर्तिकलातर्फ सुरेश लवट तुलाधर, शिल्प-हस्तकलातर्फ राजकुमार शिल्पकार, वास्तुकला तथा लोककलातर्फ ज्योतिकुमारी सापकोटा, बहुआयामिक तथा अन्य सिर्जनात्मक कलाअन्तर्गत फोटोग्राफीतर्फ सफलप्रकाश श्रेष्ठलाई प्रदान गरिएको छ। यस पुरस्कारको राशि रु ६० हजार र सम्मानपत्र रहेको छ।

प्रादेशिक उत्कृष्ट ललितकला पुरस्कार क्रमशः कोसीबाट डावाङ छिरिङ शेर्पा (परम्परागत चित्रकला), मधेसबाट सोनाम सिंह भ्लोन (हस्तकला) बागमतीबाट रीना शाक्य (परम्परागत चित्रकला), गण्डकीबाट दलबहादुर गुरुङ (समसामयिक चित्रकला), लुम्बिनीबाट लिलाधर केसी (समसामयिक चित्रकला), कर्णालीबाट कुमारी सीता मल्ल (समसामयिक चित्रकला), सुदूरपश्चिमबाट रमेश कडायत (समसामयिक चित्रकला) लाई प्रदान गरियो । यी सम्पूर्ण पुरस्कारको राशि रु ५० हजार र सम्मानपत्र रहेको छ।

त्यस्तै, प्रादेशिक समसामयिक चित्रकला विधातर्फ कोसीबाट महेन्द्र राई, मधेसबाट युगेश घिमिरे, बागमतीबाट सुन्दर लामा, गण्डकीबाट मनोज तामाङ, लुम्बिनीबाट आकाश बुढा मगर, कर्णालीबाट थुक्तेन लामा, सुदूरपश्चिमबाट दीपक आउजी, समसामयिक मूर्तिकलातर्फ कोसीबाट सुमन राई, मधेसबाट योगेन्द्र पण्डित कुम्हार, बागमतीबाट करुणा श्रेष्ठ, गण्डकीबाट रिहाना परियार, लुम्बिनीबाट बुद्ध थारू, कर्णालीबाट टोपेन्द्र डाँगी, सुदूरपश्चिमबाट महेन्द्र पुन मगरले पुरस्कार पाउनुभयो।

प्रादेशिक परम्परागत चित्रकला विधातर्फ कोसीबाट दावा साङ्मु शेर्पा, मधेशबाट सोनम सिंह भ्लोन, बागमतीबाट रोशन ख्याजु, कर्णालीबाट सोनाम डोल्मा तामाङ, परम्परागत मूर्तिकलातर्फ कोसीबाट प्रतीक मञ्जुल बराइली, बागमतीबाट महेश शिल्पकार, शिल्प-हस्तकलातर्फ कोसीबाट शिव छाङ्छा (शिवकुमार राई), मधेशबाट सन्तोष यादव, बागमतीबाट सरोज सुनार, गण्डकीबाट विष्णु मुक्तान तामाङ, लुम्बिनीबाट बाल गोविन्द त्रिपाठी, कर्णालीबाट सोविन शाही, सुदूरपश्चिमबाट लालबहादुर कुमालले पुरस्कार पाउनुभयो।

वास्तुकला तथा लोककलातर्फ कोसीबाट माधवी कर्ण, मधेशबाट आरतीकुमारी साह, बागमतीबाट युनेस नापित श्रेष्ठ (वास्तुकला), लुम्बिनीबाट सञ्चिता अग्रहरी, सुदूरपश्चिमबाट मित्थु थारू, बहुआयामिक तथा अन्य सिर्जनात्मक कलाअन्तर्गत प्रतिस्थापन कलामा बागमतीबाट विनयबहादुर रिमाल क्षेत्री, कला फोटोग्राफीमा कोसीबाट अर्जुन कुलुङ राई, मधेशबाट प्रशान्त चौधरी, गण्डकीबाट सृजना भुर्तेल, लुम्बिनीबाट मनिराम पन्थ र सुदूरपश्चिमबाट माधव ओझालाई पुरस्कृत गरियो । यी सम्पूर्ण पुरस्कारको राशि रु ३०/३० हजार र सम्मानपत्र रहेको छ।

राष्ट्रिय ललितकला नवप्रतिभा पुरस्कार भीमबहादुर विकलाई प्रदान गरिएको छ। यस पुरस्कारको राशि रु ६० हजार र सम्मानपत्र छ। प्रादेशिक ललितकला नवप्रतिभा पुरस्कार कोसीबाट भावना गुरुङ, मधेशबाट निरुपम जयसवाल, बाग्मतीबाट सुप्रिना घलान, गण्डकीबाट धावादोर्जे गुरुङ, लुम्बिनीबाट रुकैया वानु, सुदूरपश्चिमबाट निशान्त सुनारलाई प्रदान गरियो ।रासस

## आकस्मिक उद्धार सेवाः
# सडक दुर्घटनामा घाइतेलाई निःशुल्क उपचार

**टुडे समाचारदाता**

रौतहट । सडक दुर्घटना र प्राकृतिक प्रकोपमा परेका घाइतेहरूको जीवन रक्षाका लागि चन्दपुर हस्पिटल प्रालिले "आकस्मिक उद्धार सेवा" शुरु गरेको छ। सामाजिक उत्तरदायित्व अन्तर्गत सञ्चालनमा ल्याइएको सो सेवा अस्पतालको एउटा महत्वाकांक्षी परियोजना हो । समाजसेवामा सदैव अग्रणी भूमिका निर्वाह गर्दै आएका हस्पिटल सञ्चालक तथा बरिष्ठ डाक्टर सुभाष चौधरीको सक्रियतामा १८ औं गणतन्त्रको अवसर पारेर बिहिवार देखी उक्त कार्यक्रम सञ्चालन गरिएको हो।




सो कार्यक्रमको मुख्य उद्देश्य घटनास्थलमै पुगेर पीडितहरूलाई निःशुल्क र निस्वार्थ स्वास्थ्य सेवा प्रदान गर्नु रहेको बरिष्ठ डाक्टर चौधरीले बताएका छन् । डाक्टर चौधरीका अनुसार यो सेवाले विशेषगरी सडक दुर्घटना, बाढी, आगलागी, भूकम्प जस्ता आकस्मिक घटनामा प्रभावकारी रूपमा काम गर्नेछ। नेपालमा बढ्दो सडक दुर्घटनाले गम्भीर चिन्ता पैदा गरिरहेको छ। - गत वर्ष मात्र देशभर २,३२० जनाले दुर्घटनामा ज्यान गुमाए भने २८,८५६ जना घाइते भए । - नेपाल प्रहरीको तथ्यांक अनुसार, दैनिक औसतमा ७ जनाको मृत्यु सवारी दुर्घटनाबाट भइरहेको छ। - मधेश प्रदेश सबैभन्दा बढी प्रभावित रहेको छ, जहाँ प्रति एक लाख जनसंख्यामा १,४३० दुर्घटना हुने दर रहेको छ । - एसियाली विकास बैंकका अनुसार, सडक दुर्घटनाबाट नेपालले हरेक वर्ष करिब ४४ करोड अमेरिकी डलर गुमाइरहेको छ, जुन देशको सकल गार्हस्थ्य उत्पादन (न्एए) को १.७ प्रतिशत बराबर हो।

दक्ष चिकित्सक तथा पारामेडिक्स,अत्यावश्यक औषधि र उपकरणहरू, पोर्टेबल अक्सिजन सप्लाइ,फलाम तथा काठ काट्ने उपकरण,चेष्ट ट्यूब र माइनर सर्जरी उपकरणहरू रहने छ।

चन्दपुर अस्पतालका प्रमुख डाक्टर सुभाष चौधरीका अनुसार यदि यस्ता सेवाहरू हरेक जिल्लामा विस्तार गर्न सकियो भने, हजारौं नागरिकको ज्यान बचाउन सकिन्छ। जीवन बचाउनु नै सबैभन्दा ठूलो सामाजिक लगानी हो।

नेपालमा आकस्मिक उद्धार सेवा अझै प्रारम्भिक चरणमै रहे पनि चन्दपुर अस्पतालको यो पहल उदाहरणीय छ। यसले केवल स्वास्थ्य सेवाको पहुँच बढाउने होइन, जनताको विश्वास पनि बलियो बनाउने अपेक्षा गरिएको छ।

# क्षति न्यूनीकरणका लागि पूर्वसूचना प्रणाली सरकारको प्राथमिकतामाः ऊर्जामन्त्री




काठमाण्डु । ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री दीपक खड्काले बाढीबाट हुने क्षति न्यूनीकरणका लागि सरकारले पूर्वसूचना प्रणालीलाई प्राथमिकतामा राखेको बताउनुभएको छ।

प्रतिनिधिसभाअन्तर्गत रहेको पूर्वाधार विकास समितिको शुक्रबार सिंहदरबारमा बसेको बैठकमा मन्त्री खड्काले वर्षाले हुने क्षतिलाई न्यूनीकरण गर्न सरकारले पूर्वसूचना प्रणालीलाई विशेष प्राथमिकतामा राखेको बताउनुभएको हो।

"कम्तिमा वडा तहमा कार्यरत जनप्रतिनिधिलाई बाढीपहिरोबारे पूर्वसूचना सम्प्रेषण गर्न सकियो भने क्षति न्यूनीकरण गर्न सकिन्छ भनेर सरकारले काम गरिरहेको छ", उहाँले भन्नुभयो। सामान्यभन्दा बढी पानी पर्ने अनुमान यस वर्ष गरिएकाले सोहीअनुसार पूर्वसूचना प्रणालीलाई मजबुद बनाउन सरकार लागिरेहको उहाँको भनाइ थियो।

उहाँले मौसम पूर्वसूचना प्रणालीका बारेमा जल तथा मौसम विज्ञान विभागमार्फत थप जानकारी लिएर अगाडि बढ्नसके क्षति न्यूनीकरणमा सघाउ पुग्ने बताउनुभयो।

जनप्रतिनिधि र सरकार बेलैमा जिम्मेवार भए क्षति न्यूनीकरणमा सहयोग पुग्ने उहाँको भनाइ थियो।

ऊर्जामन्त्री खड्काले विद्युत् विधेयकलाई कसरी समृद्ध बनाउन सकिन्छ भन्नेबारे मन्त्रालय लागिरहेको बताउनुभयो। बजेटको बीचमा विधेयक ल्याउन सकिए ऊर्जा क्षेत्रको विकासमा सहयोग पुग्ने उहाँको भनाइ थियो ।रासस

## ज्योतिष-मार्गदर्शन

प्रसिद्ध ज्योतिषगुरु ई बिबेक

| | |
|---|---|
| मेष : | प्रशंसकहरु बढ्नेछन् र मानसम्मान समेत पाइनेछ। |
| वृष : | आम्दानी सामान्य भए पनि ठुलो खाँचो टर्नेछ। |
| मिथुन : | नयाँ व्यवसाय सुरु गर्ने मौका छ। पारिवारिक भेटघाटले प्रसन्नता मिल्नेछ। |
| कर्कट : | प्रयत्न गर्दा भाग्यले साथ दिनेछ। |
| सिंह : | रमाइलो यात्राको अवसर जुट्न सक्छ। |
| कन्या : | सुरुमा केही खर्च लागे पनि सोचेको काम बन्नेछ। |
| तुला : | आफ्नो क्षेत्रमा प्रभुत्व जमाउने समय छ। प्रतिष्ठित कामको जिम्मेवारी पाइनेछ। |
| वृश्चिक : | विगतका कमजोरी सच्याउने मौका छ। व्यापार व्यवसायबाट लाभ मिल्नेछ। |
| धनु : | काममा सुधार आउनुका साथै आस मारेको काम बन्नाले उत्साहित भइनेछ। |
| मकर : | सामान्य कामबाट राम्रो लाभ उठाउन सकिनेछ। मानसम्मान पनि पाइनेछ। |
| कुम्भ: | अध्ययन अध्यापनमा प्रगति हुनेछ। रमाइलो यात्राको योग रहेको छ। |
| मीन : | विशिष्ट व्यक्तित्वको सहयोग जुट्नाले विशेष अवसर पाइने समय छ। |

गुरुजीसङ्ग जन्मकुण्डली हस्तरेखा परामर्स लागी
9812005378

## महत्वपूर्ण टेलिफोन नम्बरहरू
जनकपुरधाम ०४१

| | |
|---|---|
| बारुण यन्त्र | ५२००११ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९,४२०२९९, १०० |
| एम्बुलेन्स (रेडक्रस) | १०२ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ |
| अञ्चल अस्पताल | ५२००३३ |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५,९८५४०२८२९६ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ |
| आँखा अस्पताल | ५२०३९७ |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ |
| विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| साह केबुल | ५२४७२२ |
| जानकी केबुल | ५२३७२८ |
| म्याक्स टीभी | ०४१-५९०८९७,९८०१६६८६५२ |
| नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| बुद्ध एयर | ५२५०२२ |
| यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| होटल रामा | ५२००५९, ५२३८५४ |
| वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| जलेश्वर अस्पताल | ०४४-५२००७० |
| प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

## रत्न सागर मन्दिर
प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ५:०० बजे |
| बिहान पूजा आरती | : ८:०० बजे |
| भोगराज लाग्ने समय | : ११:३० बजे |
| निशुल्क अन्न क्षेत्र (दिउँसो) | : १२:०० बजे |
| मन्दिर बन्द हुने समय | : १२:०० बजे |
| खुल्ने समय (दिउँसो) | : ४००: बजे |
| रात्री आरती पूजा हुने समय | : ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने समय | : १०:०० बजे |

## जानकी मन्दिर
प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |

## राम मन्दिर
प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |



सिरहाको लहानमा पूर्व-पश्चिम सडक किनारामा स्थानीय कृषकले उत्पादन गरेका आँप, लिचीलगायतका फलफूल किनबेच गरिँदै । *तस्विर : रासस*

# 'सम्पदा संरक्षण र पर्यटन प्रवर्द्धनमा मिडियाको भूमिका महत्त्वपूर्ण'



काठमाण्डु । प्रतिनिधि सभा सदस्य अर्जुननरसिंह केसीले स्थानीय सम्पदाको संरक्षण तथा पर्यटन प्रवर्द्धनमा मिडिया र सङ्घसंस्थाको भूमिका महत्त्वपूर्ण रहेको बताउनुभएको छ ।

मिसन मिडिया क्लबद्वारा आयोजित 'सम्पदा संरक्षण र पर्यटन प्रवर्द्धनमा मिडिया, सङ्घसंस्थाको भूमिका' विषयक छलफलमा उहाँले यहाँका मूर्त वा अमूर्त सम्पदासँगै विविधासहितको संस्कृति, रितिरिवाज आफैँमा बहुआयामिक रहको बताउनुभयो ।

त्यस अर्थमा सबै किसिमका सम्पदाका अर्थात मौलिक संस्कृति, कला, साहित्य, भाषा र संस्कृतिको संरक्षणमा सहकार्यसहितको पुस्तान्तरण आवश्यक रहेको उहाँको भनाइ थियो । सो अवसरमा क्लबले आयोजना गरेको सात दिने उद्घोषण तालिमका प्रशिक्षार्थीहरुलाई उहाँले प्रमाणपत्र वितरण गर्नुभयो । नेपाल पत्रकार महासङ्घका महासचिव रामप्रसाद दाहालले सम्पदा संरक्षणमा संस्थागत चासो देखाउँदै मिसन मिडिया क्लबको पहलकदमी सकारात्मक रहको बताउनुभयो ।

काठमाडौँ महानगरपालिकाअन्तर्गत हनुमानढोका दरबार क्षेत्र संरक्षण कार्यक्रमको सहकार्य तथा महानगर-१९ र विपद् पत्रकारिता सञ्जालको समन्वयनमा आयोजित उक्त कार्यक्रममा लोकतान्त्रिक छापामाध्यम सञ्जालका अध्यक्ष दामोदर दवाडीले सञ्चार सम्वद्ध संस्थाले स्थानीय सम्पदाको संरक्षणसँगै पर्यटन प्रवर्द्धनका लागि लिएको चासो अर्थपूर्ण रहेको बताउनुभयो।

क्लबका अध्यक्ष श्रीजन झाले सम्पदा हाम्रो पहिचान र पर्यटन सम्भावना भएको जिकिर गर्नुभयो ।रासस

# संसदीय सुनुवाइले संसदीय कार्यप्रभावकारिताबारे अनुगमन गर्ने



काठमाण्डु । सङ्घीय संसद् संसदीय सुनुवाइ समितिले आफ्ना कामकारबाहीलाई चुस्त र व्यवस्थित तुल्याउँदै अझ समृद्ध बनाउने सन्दर्भमा सरोकारवाला निकायसँग परामर्श गर्ने भएको छ ।

समितिको शुक्रबारको बैठकले त्यस सिलसिलामा संसदीय सुनुवाइ गरी पठाएका व्यक्तिबाट भएका कार्यसम्पादन र संसदीय प्रभावकारिताबारे स्थलगत रूपमै अनुगमन गरी जानकारी लिने निर्णय पनि गरेको छ ।

समितिले विषयविज्ञ र सुनुवाइ गरी पठाएका व्यक्तिले प्रस्तुत गरेको कार्ययोजना र अवधारणामार्फत गरिएका प्रतिबद्धता के-कति कार्यान्वयन भए-भएनन् त्यसको जानकारी लिइने सभापति ईश्वरी न्यौपानेले बताउनुभयो ।संवैधानिक परिषद्, न्याय परिषद् र सरकारद्वारा विभिन्न सार्वजनिक पदमा नियुक्ति गरी संसदीय सुनुवाइका लागि पठाइएका राजदूत, सर्वोच्च अदालतका न्यायाधीश र सवैधानिक परिषद्का पदाधिकारीको समितिले सुनुवाइ गर्दै आएको छ ।

मुख्य जिम्मेवारी संसदीय सुनुवाइ नै भएकाले सुनुवाइका क्रममा उठेका प्रश्नको सम्बोधन र समितिलाई थप व्यवस्थित र चुस्त तुल्याउन सरोकारवालासँगको परामर्शलाई अघि बढाइएको उहाँले जानकारी दिनुभयो । सभापति न्यौपानेले भन्नुभयो, "संसदीय सुनुवाइका क्रममा गरिएका प्रतिबद्धता पूरा गर्न के-कस्ता चुनौती भोग्नुपऱ्यो, कस्ता बाधा अड्चन आए त्यस विषयमा उहाँहरूसँग अन्तर्क्रिया गरिने छ ।"

समितिले जिल्ला निर्वाचन कार्यालयमा के-कस्ता समस्या छन्, सुनुवाइ समितिका लागि लिइने उजुरी दर्ता गर्न के-कस्ता अप्ठयारो परेको छ वा छैन भनी सातै प्रदेशमा गएर अनुगमन गर्ने छ ।त्यस सिलसिलामा यस आर्थिक वर्षमा गण्डकी प्रदेशको पोखरामा प्रदेससभा, मुख्यमन्त्रीको कार्यालय, जिल्ला प्रशासन कार्यालयमा गई आवश्यक जानकारी र सुझाव लिने तथा अन्तर्क्रिया गर्ने तयारी गरेको जानकारी दिइएको छ ।रासस

# सुर्तीजन्य पदार्थ नियन्त्रणमा स्थानीय सरकार जिम्मेवार बन्नुपर्ने

काठमाण्डु । सुर्तीजन्य पदार्थ नियन्त्रण र नियमनमा स्थानीय सरकार जिम्मेवार बन्नुपर्ने सुझाव विज्ञहरुले दिएका छन् ।

शुक्रबार यहाँस्थित काठमाडौँ महानगरपालिका-७, स्वास्थ्य मन्त्रालय र हेल्थ टुडे मिडियाको संयुक्त आयोजनामा 'सुर्तीजन्य पदार्थ नियन्त्रण र नियमनसम्बन्धी सरोकारवालाहरुबीच अन्तरक्रिया' गरेको थियो ।

सो अन्तरक्रियामा स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका सूचना अधिकारी डा भक्तबहादुर केसीले सुर्तीजन्य पदार्थ नियन्त्रण एवं नियमन सङ्घीय सरकारको प्रयासले मात्र सम्भव नहुने बताउनुभयो ।

स्थानीय सरकारले सुर्तीजन्य पदार्थ नियन्त्रण र नियमनलाई प्राथमिकतामा राख्नुपर्ने उहाँको भनाइ थियो । नेपालमा नसर्ने रोगको बढ्दो प्रकोपका कारणमध्ये सुर्तीजन्य पदार्थको सेवन प्रमुख भएको बताउँदै डा केसीले कानुनले सार्वजनिक स्थालमा सुर्तीजन्य पदार्थ सेवन निषेध गरे पनि व्यवहारमा पालना हुन नसकेको औँल्याउनुभयो ।

सार्वजनिकस्थलमा सुर्तीजन्य पदार्थको सेवनमा रोक लगाउन स्थानीय सरकारले कदम चाल्नुपर्ने र यसले धेरै हदसम्म कानुन कार्यान्वयन हुने डा केसीको भनाइ छ । उहाँले भन्नुभयो, "नेपालमा वर्सेनि ३० हजार मानिसको मृत्युको कारण सुर्तीजन्य पदार्थ सेवन हो ।

यो तथ्याङ्कमा सबैले ध्यान दिन आवश्यक छ ।"

नेपाल विकास अनुसन्धान प्रतिष्ठानका अनुसन्धान विज्ञ डा जयकुमार गुरुङले सुर्तीजन्य पदार्थमा करको दर बढाउनुपर्नेमा हिजो ल्याएको बजेटमा एकदमै




न्यून रुपमा कर बढाएकोमा आपत्ति जनाउनुभयो । डा गुरुङले खुद्रा व्यापारीले अनिवार्य रुपमा वडामा दर्ता गराएर मात्र सुर्तीजन्य पदार्थ बिक्री गर्ने व्यवस्था गर्नुपर्ने र सार्वजनिकस्थलको १०० मिटर दूरीभित्र स्थानीय निकायले बेचविखन गर्न दिन नहुनेमा जोड दिनुभयो ।

डा गुरुङले भन्नुभयो, "काठमाडौँ महानगरपालिकाका सबै वडाहरुले एकीकृत रणनीतिक योजना बनाएर अगाडि बढ्नुपर्छ।" उहाँले इलाम नगरपालिका र वालिङ नगरपालिकाले उत्कृष्ट काम गरेको उदाहरण प्रस्तुत गर्दै कामपाले पनि गर्न सक्ने बताउनुभयो ।

काठमाडौँमहानगरपालिका-७ का वडा अध्यक्ष विमलकुमार होडाले आफु चार दशकदेखि सुर्तीजन्य पदार्थ नियन्त्रण र नियमनमा सक्रिय भइरहेको बताउनुभयो ।

सरकारले बन्द भएको जनकपुर चुरोट कारखाना फेरि खोल्ने बजेटमार्फत गरेको घोषणाको विरोध गर्दै वडाध्यक्ष होडाले चुरोट कारखाना खोल्नेभन्दा औषधि कम्पनी खोल्नुपर्नेमा जोड दिनुभयो ।

सुर्तीजन्य पदार्थ नियन्त्रणमा आफ्नो वडालाई नमूना वडाको रुपमा विकास गर्ने होडाले दाबी गर्नुभयो ।

कार्यक्रममा वरिष्ठ स्वास्थ्य पत्रकार एवं हेल्थ टुडे मिडियाका अध्यक्ष पदमराज जोशीले सुर्तीजन्य पदार्थ सेवन गर्नु फाइदाजनक नभएको धेरैलाई जानकारी भए पनि चेतनाको अभावमा व्यवहारमा लागू गर्न नसकिएको बताउनुभयो ।रासस

# सभामुखद्वारा मुख्य सचेतक र प्रमुख सचेतकसँग छलफल

काठमाण्डु । सभामुख देवराज घिमिरेले सङ्घीय संसद्मा प्रतिनिधित्व गर्ने प्रमुख दलका मुख्य सचेतक र प्रमुख सचेतकसँग आगामी दिनमा संसदीय अभ्यासलाई थप चुस्त र व्यवस्थित गर्नेबारे छलफल गर्नुभएको छ । उहाँले सदनलाई नियमित रूपमा सञ्चालन गर्ने वातावरण मिलाउन प्रमुख सचेतकहरूलाई आग्रह गर्नुभयो ।

सिंहदरबारस्थित संसद् सचिवालयमा भएको छलफलमा संसद्को आगामी बैठकको कार्यसूचीका विषयमा प्रमुख सचेतकले आफ्नो धारणा प्रस्तुत गर्नुभएको नेपाल कम्युनिष्ट पार्टी (एमाले)का मुख्य सचेतक महेशकुमार बर्तौलाले जानकारी दिनुभयो । उहाँले भन्नुभयो, "संसद्मा बिहीबार प्रस्तुत बजेट पारित गर्नेसम्मका कार्यतालिका र सदनलाई सहज रूपमा सञ्चालनमा सहयोग पुर्याउन प्रमुख प्रतिपक्षसहितका दललाई आग्रह गरियो ।"

स-सना विषय उठाएर सदन सञ्चालन गर्न नदिने प्रवृत्तिले लोकतन्त्र र सदनलाई बलियो तुल्याउन नसक्ने बताउँदै मुख्य सचेतक बर्तौलाले यसबीचमा



दलहरूबीच हुने छलफल र परामर्शका आधारमा गत्यावरोध अन्त्य गर्ने विश्वास व्यक्त गर्नुभयो ।

नेपाली कांग्रेसका श्यामकुमार घिमिरेले यही जेठ २० गतेदेखि बस्ने बैठकको क्यालेन्डर बनाउने विषयमा केन्द्रित रही छलफल भएको प्रतिक्रिया दिनुभयो । उहाँले भन्नुभयो, "प्रस्तुत बजेट र विनियोजन विधेयकलाई कसरी अघि बढाउने भन्ने विषयमै केन्द्रित रही छलफल भयो । कार्य व्यवस्था समितिको बैठकले यसलाई पारित गर्ने छ ।"

सदन सञ्चालन गर्ने सन्दर्भमा औपचारिक रुपमा छलफल नभएको बताउँदै उहाँले बजेट प्रस्तुत गर्ने विषयमा प्रमुख प्रतिपक्षले जिम्मेवार बोध गरेर सहजीकरण गरेकामा धन्यवादज्ञापन गर्दै पारित गर्ने विषयमा पनि सहयोग गर्ने विश्वास व्यक्त गर्नुभयो ।

नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र)का मुख्य सचेतक हितराज पाण्डेले सभामुखले सदनको आगामी बैठकका लागि कार्यतालिका निर्माण तयारी सम्बन्धमा रायसुझाव लिनुभएको बताउनुभयो । उहाँले भन्नुभयो, "देश, जनता र संवैधानिक व्यवस्थाका आधारमा संविधान कार्यान्वयका लागि बजेट प्रस्तुत गर्न दिएका हौँ । आफूहरूले उठाएका माग पूरा नभएसम्म निरन्तर आवाज उठाउँछौँ ।"

राष्ट्रिय स्वतन्त्र पार्टीका प्रमुख सचेतक सन्तोष परियारले संसद्मा प्रस्तुत बजेट र विनियोजन विधेयक विधेयकमाथिको छलफललाई क्यालेन्डर बनाएर अघि बढाउने विषयमा कुराकानी भएको बताउनुभयो । उहाँले भन्नुभयो, "देशमा यति भ्रष्टाचार र बेथितिका विषय बाहिर आउँदा सरकारले त्यसलाई रोक्न छानबिन गर्नु जरुरी छ । गृहमन्त्रीको राजीनामा र छानबिन समिति गठन भएपछि मात्र सदन सञ्चालन हुन्छ ।"रासस

# 'समग्रमा बजेट सन्तुलित छ'

काठमाण्डु । नेपाल चेम्बर अफ कमर्सले आगामी आर्थिक वर्ष २०८२/८३ का लागि सरकारले ल्याएको बजेट समग्रमा सन्तुलित रहेको प्रतिक्रिया दिएको छ । बजेट मुलुकको वर्तमान आर्थिक समस्याको समाधान गर्ने प्रयास स्वरुप आए पनि कार्यान्वयन भने चुनौतीपूर्ण रहेको चेम्बरले उल्लेख गरेको हो ।

चेम्बरद्वारा जारी विज्ञप्तिमा भनिएको छ, "रु तीन खर्ब १५ अर्बको राजस्व सङ्कलन र वैदेशिक ऋण तथा अनुदानको लक्ष्य पूरा गर्न चुनौतीपूर्ण देखिएको छ । आर्थिक गतिविधि विस्तार भएन भने राजस्व सङ्कलन कठिन देखिन्छ । विश्वको वर्तमान परिवर्तित आर्थिक अवस्थाका कारण रु दुई खर्ब ३३ अर्ब बराबरको ऋण तथा रु ५५ अर्ब ४५ करोड अनुदानको लक्ष्य सङ्कलन पूरा गर्न कठिन देखिन्छ।"

बजेटमा व्यापार सहजीकरण, औद्योगिक लगानी प्रवर्द्धन तथा निजी क्षेत्रको मनोबल बढाउनेतर्फ उन्मुख रहेको चेम्बरले जनाएको छ । रु तीन करोडभन्दा मुनिका आयोजनालाई सङ्घीय सरकारको बजेटमा नराखिनुलाई चेम्बरले सकारात्मक रूपमा लिएको छ । सूचना प्रविधि, पर्यटन प्रवर्द्धनलगायत क्षेत्रलाई उच्च प्राथमिकतामा राखेर बजेट आएको चेम्बरले उल्लेख गरेको छ ।

स्थलमार्गबाट आउने पर्यटकलाई लक्षित गरी स्वागत तथा सेवा केन्द्र स्थापना गरिने विषय प्रशंसनीय रहेको चेम्बरले जनाएको छ । यस्तै जग्गा प्राप्ति र हदबन्दीसम्बन्धी कानुनको पुनरावलोकन हुने विषय सहनिर सह्रानिय रहेको चेम्बरको ठहर छ ।

चेम्बरद्वारा जारी विज्ञप्तिमा भनिएको छ, "आर्थिक क्षेत्र सुझाव आयोगको प्रतिवेदनलाई कार्यान्वयन गर्ने विषय सकारात्मक छ । उधारो कारोबारसम्बन्धी कानुन तर्जुमा गरिने, दामासाही ऐनमा सामूहिक संशोधन, बैंकिङ प्रणालीबाट विप्रेषण आय भित्र्याउने, उत्पादनशील क्षेत्रमा लगानी प्रोत्साहन गर्ने र सार्वजनिक निकायबाट हुने सबै भुक्तानीलाई विद्युतीय प्रणालीमा आबद्ध गरिने विषय सकारात्मक छन् ।"

छ प्रतिशतको आर्थिक वृद्धिको लक्ष्य र पाँच दशमलव पाँच प्रतिशतको सीमाभित्र मुद्रास्फिति कायम गर्न सोही अनुसारको सहजीकरण गर्नेगरी मौद्रिक नीति आवश्यक रहेकामा चेम्बरले जोड दिएको छ ।रासस

# कोशी प्रदेशसभा:
## विनियोजन विधेयकको सिद्धान्त र प्राथमिकतामाथिको छलफल सकियो

विराटनगर । कोशी प्रदेशसभाको शुक्रबारको बैठकमा 'कोशी प्रदेश विनियोजन विधेयकको सिद्धान्त र प्राथमिकता-२०८२' माथिको छलफल सकिएको छ ।

प्रदेशको आर्थिक मामिला तथा योजनामन्त्री रामबहादुर मगरले यही जेठ ११ गते सदनमा पेस गर्नुभएको सिद्धान्त र प्राथमिकतामा २७ जना सांसदले छलफलमा भाग लिई आवश्यक सुझाव दिनुभएको थियो ।योजनामन्त्री मागरले छलफलका क्रममा उठेका जिज्ञासाको सम्बन्धमा नीति तथा कार्यक्रमलाई आधार मानी तयार गरिएको सिद्धान्त र प्राथमिकता आगामी आर्थिक वर्षको वार्षिक बजेटको मार्गदर्शक बन्ने बताउनुभयो ।

सबै सांसदहरूको सुझाव रचनात्मक रहेको बताउँदै मन्त्री मगरले आर्थिक आधारको सबलीकरण र आर्थिक वृद्धि, दिगो विकास, सङ्घीयता कार्यान्वयन, अन्तर तह समन्वय, सार्वजनिक सेवा प्रवाह र सुशासन, सार्वजनिक वित्त र वित्तीय अनुशासन, सामाजिक विकास, न्याय र मानवअधिकार, ग्रामीण विकासलगायत विषयलाई सिद्धान्त र प्राथमिकतामा महत्त्व दिइएको जानकारी दिनुभयो ।

उहाँले जनमुखी सेवा प्रवाह र सुशासन, कानुनी शासन र शान्ति सुरक्षा, भौतिक पूर्वाधार, कृषिको आधुनिकीकरण र व्यासायीकरण, खानेपानी, सिँचाइ तथा ऊर्जा, पर्यटन क्षेत्रको विकास र प्रवर्द्धन, शिक्षा, खेलकुद, संस्कृति, रोजगार र समावेशिता, स्वास्थ्य सेवा, औद्योगिक विकास र निजी क्षेत्रको प्रवर्द्धन, यातायात क्षेत्रको व्यवस्थापन, वन, वातावरण संरक्षण, विपद् व्यवस्थापन, सहकारीको अनुगमन र नियमन तथा सार्वजनिक वित्तीय व्यवस्थापनलगायत विषय समेटेर बजेट सर्वपक्षीय, समानुपातिक र सर्वस्वीकार्य बनाइने उल्लेख गर्नुभयो ।

प्रदेशसभाको विहिबारको बैठकको विशेष समयमा नेपाली कांग्रेस संसदीय दलका तर्फबाट सांसद प्रदीपकुमार सुनुवारले जनताको माग र आवाजका बारेमा छलफल गर्ने संसद् कमजोर बन्न नुहने धारणा राख्नुभयो ।रासस


**नेपाल अपाङ्ग संघ**

**खगेन्द्र नवजीवन केन्द्र, जिल्ला धनुषा, जनकपुरधाम**

**सूचना ! सूचना !! सूचना !!!**

**शाखा कार्यसमितिको निर्वाचनमा उपस्थिति भई दिन हुने सम्बन्धमा**

यस नेपाल अपाङ्ग संघ खगेन्द्र नवजीवन केन्द्र जिल्ला शाखा धनुषा जनकपुरधामको शाखा कार्यसमितिको निर्वाचन तपसिलको मिति, स्थान र समयमा हुने भएकोले उक्त निर्वाचनमा उपस्थित भै सहभागी हुन यस शाखाका सम्पूर्ण आजिवन र साधारण सदस्यज्यूहरुलाई यसै सूचना मार्फत जानकारी गराईन्छ ।

पुनश्यः नेपाल अपाङ्ग संघ खगेन्द्र नवजीवन केन्द्रको विधान २०३५ संशोधन २०६९ को परिच्छेद-७ को धारा २७ बमोजिम अयोग्य भएको व्यक्तिहरु निर्वाचनमा भाग लिन पाउने छैन ।

**तपसिल:**

**मिति** : २०८२ साल जेष्ठ ३१ गते सोमबार ।

**समय** : बिहानको ९:०० बजे ।

**स्थान** : नेपाल अपाङ्ग संघ, जिल्ला शाखा धनुषा, रामानन्द चौक, जनकपुरधाम-८

**नन्द किशोर महासेठ**
**सभापति**



**शहीदनगर नगरपालिका**

**नगर कार्यपालिकाको कार्यालय**

**यदुकूहा, धनुषा**

**मधेश प्रदेश, नेपाल**

**सुचना रद्ध गर्ने सम्बन्धमा**

**सूचना प्रकाशित मिति –२०८२।०२।१७**

प्रस्तुत विषयमा आ.व.२०८१।०८२ यस नगरपालिका बाट मिति २०८१।११।०६ गतेका दिन जनकपुर टुडे राष्ट्रिय दैनिक पत्रिकामा तपसिल अनुसारको कार्यको लागि सुचना प्रकाशन गरिएकोमा यस कार्यालयको मिति २०८२।०२।१४ गतेको निर्णय अनुसार मिति २०८१।११।०६ गतेका दिन शहीदनगर नगरपालिकाबाट जनकपुर टुडे राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशन गरीएको सुचना रद्ध गरिएको ब्यहोरा जानकारीको लागि यो सुचना प्रकाशन गरीएको छ।

**तपसिल:**

| सि.नं. | कार्यक्रमको नाम |
|---|---|
| ०१ | Hiring a Firm for Skills Development Training in Shahidnagar Municipality RFP No.:- PMEP/YETI/01/2081/082 |

**प्रमुख प्रशासकीय अधिकृत**

# जनकपुर टुडेको फेसबुक पेजमा विभिन्न पाठकहरूले पठाएका कविता/गजलहरू

## ई कोना भेल छै बाप रे बाप....!

नेता गरिबसँ अमिर होइत गेल छै।
जनता गरिबसँ गरिब होइत गेल छै॥
सुनिश्चित सुविधासँ भेट नइ भेल छै।
तखनो किया सब चुप भेल छै॥
ई कोना भेल छै बाप रे बाप....।

दु हजारसँ बेसि युवा सभदिन विदेश जाइछै।
देश अपन अन्दरसँ खाली होइत आएल छै॥
स्वार्थके लडाइमे वृद्ध आश्रम खुलल जाइछै।
माता पिता जिवतेमे मृत भेल बुझाइछै॥
तखनो किया सब चुप भेल देखाइत छै।
ई कोना भेल छै बाप रे बाप....॥

स्वतन्त्र देशके कोना अवस्था एहन भेल छै।
रोजगार केन्द्र सभमे मन्त्रालय खुलल जाइछै॥
युवासभके बेरोजगार कएल जाइछै।
विद्वानसभ बुझि, समैभ क मौन भेल देखाइछै॥
तखनो किया सब चुप भेल देखाइत छै।
ई कोना भेल छै बाप रे बाप....॥

अपनो देशमे बहुत ज्ञानी सब छै।
देश, विदेशसँ पढाई क-क आएल छै॥
फुटल नल, टुटल कल पर सब बजैत आएल छै।
करोडौं, अर्बौंके योजना सब मिलजुलि खाइ छै॥
तखनो किया सब चुप भेल देखाइत छै।
ई कोना भेल छै बाप रे बाप....॥

पुल, सडक, भवण निर्माणके मात्र विकास बुझैत आएल छै।
विकासके नाम पर समाजक बलात्कार करैत आएल छै॥
शिक्षा पर लगानी क सुधार किछ नइ करए पाएल छै।
किसानके खाद्य समय पर कखनो नइ भेटाएल छै॥
अखनके बनल सडक अखन टुटल नजर आएल छै।
तखनो किया सब चुप भेल देखाइत छै॥
ई कोना भेल छै बाप रे बाप....।



नाम पत्रकार बिशाल कुमार दुबे

## ।। पहाड को गर्मि ।।

हए गर्मी! तिमी किन यति कठोर?
घाम तिमीले भने बनायौ कठोर।
भलमल घामले पोल्छ छाला,
घामैसँग लड्नु पर्‍यो साला!
पंखा घुम्छ तर शीतल हावा छैन,
ए.सि.को सपना, बिजुली कहाँ छ र तैं?
घाँटी सुक्छ, घाममा पसिना झर्छ,
तैपनि काम रोकिँदैन, जिन्दगी अझै कर्छ।
चिसो पानी, चिसो झोल लाजै लाग्दैन,
गोलभेँडा, काँक्रा, तरबूजा स्वादै मिठो छ हैन?
तर तिमीले लुकायौ झरनाको गीत,
सडकमा तातो तुवालो, छायाँ बिना रीत।
बालबालिकाले भन्नु, "स्कूल जान मन छैन!"
बुढाबुढीले भन्नु, "यो उमेरमा त झन सहेन!"
न त पानी पर्छ, न त हावा बहन्छ,
हए गर्मी! तिमी सौँच्चिकै निर्दयी बन्छ।
तर थाहा छ, तिमी पनि जान्छौ एकदिन,
झरीको मधुर संगीतमा, आउनेछ शीतल छिन्।
अनि हामी भन्छौं हाँसी-
"हए गर्मी! फेरी भेटौंला, अब बिदा दे है, आशी!"



लेखक :रश्मी दनुवार
मोरङ्ग, नेपाल

## गजल

जेहन हमर ओहने हाल हेतैं ओकरो
सुखल ठोर धस्ल गाल हेतैं ओकरो
श्रद्धा भाव सँ करतै बरसाइतक उपवास
मुदा हमरे चिन्ता खियाल हेतैं ओकरो
बेर-बेर झकैत हेतैं चौकट'स चान्न पर
नोर भरल आइख लाल हेतैं ओकरो
उधियाइत हेतैं मोन बेचैन हेतैं आइ
हाथक मेंहदी करै सवाल हेतैं ओकरो
सुहिकारी लेब शुभकामना अहुँ सभ
शुभ दिन आ शुभ साल हेतैं ओकरो



उदगार यादब
मिथिला बिहारी नगरपालिका
सिरसिया-६, धनुषा धाम

## ।। देशको छ चिन्ता ।।

देशको छ चिन्ता, मन भित्र पोल्दछ,
नेताले बाचा, तर काममा गोल्छ।
शिक्षा बिना युवा विदेश पलायन,
घर खाली, आँखा भिज्छन् अविराम।
हिउँ झैं पग्लिन्छ सधैं हाम्रो सपना,
विकासको नाउँमा देखिन्छ धमना।
आशा बोकी हिँड्छन् बुढा आमाबाबु,
सन्तान विदेश, रित्तो छ थालीमा खाजु।
खेतमा माटो, तर मल छैन हातमा,
जनता कराउँछन् सुनुवाइ बातमा।
घुस बिना जागिर, सपना जस्तै लाग्छ,
इमानदारी अब झुटोमा साम्छ।
देशको छ चिन्ता, निद्रा हरायो यति,
के होला भोलि, कसरी लेख्ने गाथा बिती?
तर अझै विश्वास छ यो मुटुमा भारी,
आउँछ एक दिन, देश बन्छ उज्यालो।



लेखक:दिलीप कुमार दास
ठेगाना:धनुषाधाम -४ लक्ष्मीपुर

## 'बेउला लाई दाइजोमा बुल्लेटको खुसी'

शुभ घडी आयो, बाजा बज्यो,
दुलहीको मुहारमा उज्यालो झल्कियो।
पिउसो लिएर वर आयो हाँसी,
दाइजोमा आयो बुल्लेटको सवारी।
बुल्लेटको आवाज जस्तै, जोश भरिएको,
घर-आँगन रमायो, मन खुसीले भरिएको।
छोरीको बिदाईमा आँसु पनि थियो,
तर बुल्लेट हेरेर बाबुको मन दुक्क थियो।
"छोरी सुखी रहोस्," आशिष दिइयो,
बुल्लेटसँगै जिन्दगी रमाइलो होस् भनियो।
न त माग गरिएको, न त जोरजबर,
सहमतिमा पाएको त्यो उपहार, सबैको रहर।
सहरका गल्लीहरूमा बुल्लेट गुन्गुनायो,
दुलहीको सिन्दुरले त्यो यात्रामा चमक थपायो।
दाइजोको कुरा गरौं अब परिवर्तनको सुरमा,
माया, सम्मान, र सहमति होस्, हरेक कुरामा।
बुल्लेट त केवल एउटा खुसीको माध्यम,
साच्चैको सम्पत्ति त सम्बन्धको साँचो गहना।
दाइजो होस् उत्सवको रंग, न कि दबाबको बोझ,
जहाँ खुशी बाँडिन्छ, त्यहाँ प्रेमै प्रेम हो जोस।



लेखक: बब्लु शर्मा
ज. उ. न. पा.-७

## ।। हमर देशक राजनीति ।।

हमर देशक राजनीति, खेल अजब गजब,
नेताजी सब ठगवा बनल, जनताक सपना कब।

चुनाव समय वादा करैथ, सुनैथ मीठ-मीठ बात,
वोट लय गेलाक बाद बिसरैथ, जनता बनल अनाथ।

जाति-धर्मक नाम पर, खूब करैथ राजनीति,
कियो गरीबक दुख नै बुझै, सबके छी धान की खेती।

भ्रष्टाचारक जाल बिछल छै, अफसर नेताक दल,
गरीब जनता हाहाकारी, सुनब के छै कोनो हल?

शिक्षा-स्वास्थ्य उपेक्षित अछि, बेरोजगारी भारी,
रोज-रोजक संघर्ष बीच, जनता जिनगी हारी।

कहैथ विकास भेल बहुत, लेकिन कहाँ छै विकास?
सड़क टूटी, पुल जर्जर, देशक हाल बेहाल।

लोकतंत्रक मंदिर में, जनताक वोट बिकैत,
नेता सब कुर्सी खातिर, नीक-बेकाम छोड़ैत।

हमर देशक राजनीति, ओना संविधानक राजा,
लेकिन कागज पर सपना, धरातल पर साजिशक बाजा।

उठू भाइ, जागू सब, बदली अब राजनीति,
ईमानदार चुनू, सच्चा नेता, बनाउ अपन देशक नीति।

हमर देशक राजनीति बदलय, जनता के हाथ,
सपना साँच करब हम, बढ़त विकासक बात।



नाम: अभिजित झा
ठेगाना: जनकपुरधाम १३

## 'माफ करू प्राण प्यारी'

तोहर नजर में गुस्सा छै,
हमरा दिल में बस तोहर याद छै।
गलती भ' गेल हम सं प्रिये,
माफ करू, अहाँ सं विनती ए।
हर पल सोचैत छी अहाँ के,
बिना तोहर दिल अधूरा छै।
एक बेर मुस्की देखा दियऽ,
ई दुनियाँ फेर सुन्नर भ' जै।
तोहर खिसिआहट में प्यार छै,
हमर माया में हार छै।
छोड़ि दिअ ई रूठन के बात,
हमर जीवन में बस अहाँ के साथ।
फेर सँ हम्मर हाथ पकड़ लियऽ,
एह बेर ने हमरा सं मुँह मोड़ लियऽ।
तोहर बिना अधूरा छी हम,
माफ करू, तोहर दीवाना सनम।



सौम्य राज पाठक (Sopu)

## ।। गजल ।।

(लोकसेवामा किन मेरो नाम आएनन्)
यत्रो बर्ष पढेको केही काम आएनन्।
साथी भन्छ लोकसेवामा तिम्रो नाम आएनन्॥
सँगै पढेको साथि सुब्बा भईसकियो।
अझै पनि मेरो लोकसेवा मा नाम आएनन्॥
परिक्षा त मैले पनी दिए।
तर परिक्षा को राम्रो परिणाम आएनन्॥
पढेर थाकेको छ मेरो यो शरिर।
हेर्छु पत्रिकामा अझै पनि मेरो नाम आएनन्॥
साथि भन्छ यत्रो बर्ष पढेको तिमलाई काम आएनन्
अझै पनि लोकसेवामा तिम्रो नाम आएनन्॥
यत्रो बर्ष पढेको केही दाम आएनन्।
अझै पनि लोकसेवामा मेरो नाम आएनन्॥
धेरै दुःख दियो लोकसेवाले।
तर पनि मेरो नाम आएनन्॥



लेखक:- बिरेन्द्र कुमार चौधरी
ठेगाना :- मिथिला नगरपालिका, ०३
हरिहरपुर धनुषा

## ।। बेरोजगार युवा ।।

गाउँबाट कमाउने सपना बोकी शहर पसियो
यताउता गर्दै सपनालाई थाती राखी गाउँ फर्कियो
केही गर्छु भनि व्यवसाय सुरुवात गरियो
व्यवसाय घाटामा गए पछि बन्द गरियो
आफ्नो गरीबी हटाउन विदेश पलायन हुनुपर्ने
ऋणको बोझले थकान र निन्द्रा त्याग्नु पर्ने
सरकारले भाषाणमै सीमित राख्यो युवालाई
सरकारले रोजगारी नदिई निरास बनायो युवालाई
देशमा रहेको कारखानाहरु सञ्चालनमा ल्याउने सोच छैन
देशमा रहेको युवाहरुलाई रोजगारी दिने सोच छैन
श्रम मन्त्रालयले देशमै रोजगारीको व्यवस्था गर्नुपर्ने
विमानस्थलमा गएर अभिभावकले वाई वाई गर्नुपर्ने
विश्वविद्यालयले दिएको प्रमाणपत्रलाई घरमै राख्नु पर्ने
सरकारले प्रमाणपत्र बेचेर खाने व्यवस्था मिलाई दिनुपर्ने



नाम: ऋषिकेश यादव
ठेगाना : जनकपुर

## ।। खाड़ीके गर्मी ।।

गर्मी सँ माथ चकराई छै खाड़ी देश मे
कामक चाप सँ फुर्सत नै रहै छी जोगी भेषमे
खुनके पसीना जेना बहब परै छै खाड़ी देशमे
दु पाई कमाई लेल किकि नै बेलना बेल परै छै
खाड़ी देशमे
लोक त जत तत खाली खुवाब करमे लागल छै
केना जिन्दगी कटै है खाड़ी देशमे
माथक पसीना पैर तर गीरै छै कपिल मुदिरके
यैठले बोलि रहै छै खाड़ी देशमे
४०, ४५ डिग्री रौद लगै छै गरम हवा सेहो बहै छै
मानव लोक छटपट करै छै खाड़ी देशमे
नै अपन भाषा नै अपन भेष छै खाड़ी देश मे
कहियो नै चैनके जिन्दगी कटै है खाड़ी देशमे



धनेश्वर ठाकुर
धनुषाधाम, ४ लक्ष्मीपुर
हाल सात समुद्र पार दोहा कतार

## ।। मन्जिल पे पुगे के लागि घर से निकले परत ।।

थाकव, गिरव लेकिन, केहुना के चले परत।
पगपग गरत काँट, पगपग लागत ठेस
पथपथ देखव शव, पथपथ भेटत अवशेष
कहियो सावन, त आइत कहियो पतझर
कभियो आइग, त बर्सत कभियो पत्थर
तथापि, अविरल चाल, अहाँ के चले परत
मन्जिल पे पुगे के लागि, घर से निकले परत
थाकव, गिरव लेकिन, केहुना के चले परत।
यथार्थ पकृति के नितिनियम के अनुसार
स्वभाविक, नितक्षण, राइत होइत अन्हार
निष्पाप, अनुगृहित, होके विधि-विधान के
दृश्य साकार के लागि, उज्ज्वल बिहान के
बैन के सुर्य साँझे, नित अहाँ के ढले परत
मन्जिल पे पुगे के लागि, घर से निकले परत
थाकव, गिरव लेकिन, केहुना के चले परत।
सब से पहिने लडे परत, अपने आप से जंग
सब से पहिने मचोरे परत, मन के तरल तरंग
अपन बेरंग जीवन के, बनावे के लागि रंगिन
सब से पहिने स्वयं के, बनावे परत रंग-नविन
खुन पसिना आँसु मे, रोज अहाँ के घुले परत
मन्जिल पे पुगे के लागि, घर से निकले परत
थाकव, गिरव लेकिन, केहुना के चले परत।
संघर्ष मे अहाँ के, सबकोइ छोरत अकेला
सफलता मे अहाँ के, सबकोइ लागत मेला
कुछ पावे के लागि, अहाँ के कुछ छोडे परत
अपनो सब से भी, अहाँ के नाता तोडे परत
मोह, माया भरम सब, अहाँ के भुले परत
मन्जिल पे पुगे के लागि, घर से निकले परत
थाकव, गिरव लेकिन, केहुना के चले परत।



लेखक: राम मण्डल
ठेगाना: लक्ष्मीनियाँ गा.पा.-१.सिनुरजोडा
धनुषा, नेपाल।

## ।। गणतन्त्र ।।

राणाकालीन शासन देखि बहुदलीय व्यवस्था
निर्दलीय राजतन्त्रदेखि प्रजातन्त्रसम्म
माओवादीको वनवासी संघर्षको उवज गणतन्त्र
हातेमालो गरी एकअर्कासँग रहौं यस लोकतान्त्रिक व्यवस्थामा
राजशाही परिवार सखाप भए
विष्णुको अवतार विसर्जित भए
हामी यस देशमा अनाथ झैं भयौ
सङ्घर्षमा टिक्नु छ हामीलाइ
माया प्रेमको संगालो बुद्धको यस शान्तिभूमिमा सदैव शान्ति हुनुपर्छ
जनताले के पाए आफू खुसी बोल्ने अधिकार
न्याय नपाए गोरखा जानु उखान मै सिमित रह्यो
नेपाल हिन्दु राष्ट्र देखि धर्म निरपेक्ष राष्ट्रिय पनि बन्यो
व्यवहारमा उँचनिच छुतअछुत को भरम छ नै नेपालमा
राजाले श्रृगारेको मुलुक जनताको आश बहुतोमा पलाएको छ
शिक्षामा अग्रसरता र राजनीतिमा पहुँच
कमाउन खानलाई खेतीपाती र पैसा आर्जन गर्नलाई खाडि
स्वदेशमा काम छ तर दाम छैन
रुखासुखा खाएर पनि गरिबहरू धनीसँग हातेमालो गर्दैछ
शिक्षामा अग्रसर हुनुमा हरघरको व्यक्ति तत्पर छ
उमेरमै जागिर पाउने आशा सबैमा पलाएको छ
नेपालमा कैयौं राजा शासनकालका कलकारखाना जिर्ण बनिसके
जीविकोपार्जनका लागि नेपाली जनता असंख्यौ विदेशिए
विदेशमा रहरले होइन नेपाली जनता बाध्यताले जानुपरेको छ
नेपाल रिनी भइसके जनताहरुको र विभिन्न देशको
गणतन्त्रमा सबै जनताले आफ्नै देशमा रोजगार खोइ पाएको
महंगाई दिनप्रतिदिन बढ्दै छ नेताबन्नलाइ सब हुलकिदैछ
शिक्षामा अग्रसरता र नोकरीको लागि दृढता सबैमा छ
खाडी नजानु परोस् गणतन्त्रमा आफ्नै गाउँ ठाउँमा रोजगारी भेटियोस्
यही नै छ लोकतान्त्रिक गणतन्त्रमा आशा जनताको



प्रमोद राम
जनकपुरधाम ९

## ।।आफू देख्न नसकेको गन्तव्य देखाउने बुबा छ म सङ्ग ।।

एक शब्दमा आश देखाउने बुबा छ म सङ्ग। आफू च्यातिएको कपडा लगाउने अनि मलाई ठुलो मान्छे बनाउने बुबा छ म सङ्ग॥ आपार शक्ति र धैर्यताको महान चिनारी छ म सङ्ग मलाई खुसी बनाउने मेरो बुबा छ म सङ्ग॥ रितो गोजि अनि अनुहारमा नक्कली मुस्कान भए पनि फरक पर्दैन महोदय म खुशी छु किनभने मेरो बुबा छ म सङ्ग॥



लेखक:सुनिल मुखिया
कक्षा :बि.एड (first year)
ठेगाना :खोल्मा टोल डुमरिया १०

# अर्थतन्त्रलाई गतिशील बनाउने यस्ता छन् सरकारको योजना



काठमाण्डु । सरकारले मुलुकको अर्थतन्त्रलाई गतिशील बनाउनका लागि विभिन्न सार्थक प्रयास गर्ने लक्ष्य निर्धारण गरेको छ। सङ्घीय संसद्को दुवै सदनको संयुक्त बैठकमा उपप्रधानमन्त्री एवं अर्थमन्त्री विष्णुप्रसाद पौडेलले प्रस्तुत गर्नुभएको आगामी आर्थिक वर्षको बजेटमा मुलुकलाई निर्धारित समयअगावै सम्पत्ति शुद्धीकरणसम्बन्धी जोखिमको निगरानी सूचीबाट बाहिर निकाली अर्थतन्त्रको विश्वसनीयता अभिवृद्धि गर्नु सरकारको महत्त्वपूर्ण कार्यसूची रहेको उल्लेख गर्नुभएको छ।

यस्तै पहिलो सार्वभौम क्रेडिट रेटिङबाट प्राप्त भएको उत्साहजनक नतिजालाई बाह्य पुँजी परिचालनका लागि उपयोग गर्दै माथिल्लो रेटिङ प्राप्त गर्न आर्थिक सुधारका थप कार्यक्रम अघि बढाउने योजनासमेत उहाँले सुनाउनुभयो।

निजी क्षेत्रको मनोबल बढाउन र लगानीको वातावरण सृजना गर्न अध्यादेशमार्फत कानुनहरूमा गरिएको सुधारबाट निजी क्षेत्र उत्साहित भएको सन्दर्भमा सार्वजनिक लगानीलाई प्रतिफलयुक्त क्षेत्रमा केन्द्रित गरी निजी क्षेत्रको पुँजी र प्रविधि आकर्षित गर्दै आर्थिक क्रियाकलापमा गुणात्मक वृद्धि गरिने भएको छ।

आर्थिक वृद्धिका लागि उच्च योगदान गर्ने क्षेत्रमा थप नीतिगत, कानुनी र प्रक्रियागत सुधार गर्दै निजी क्षेत्रलाई आर्थिक समृद्धिको प्रमुख संवाहकको भूमिकामा स्थापित गर्ने र उच्चस्तरीय आर्थिक सुधार सुझाव आयोग, २०८१ को प्रतिवेदन क्रमशः कार्यान्वयन गर्ने लक्ष्य राखिएको छ।

सन् २०३० सम्ममा दिगो विकास लक्ष्य हासिल गर्न र सन् २०२६ मा विकासशील राष्ट्रमा स्तरोन्नति भएपश्चात हुनसक्ने लगानीको न्यूनता पूरा गर्न स्रोतको विविधिकरण गर्ने, राजस्व प्रशासनलाई व्यावसायिक र राजस्व प्रणालीलाई सुदृढ बनाउने सरकारको योजना छ। सार्वजनिक ऋणलाई उच्च प्रतिफलयुक्त क्षेत्रमा परिचालन गरिने छ। अनुपयुक्त आयोजना कटौती गरी प्राथमिकताप्राप्त र नतिजामूलक आयोजना कार्यान्वयनलाई उच्च महत्व दिने तथा विकास वित्तको न्यूनता पूर्ति गर्न वैकल्पिक वित्तका नवीन र सम्भाव्य उपकरणको उपयोग गर्ने सरकारको योजना छ।

प्रतिस्पर्धी वस्तु तथा सेवाको निर्यात वृद्धि र उपभोग्य वस्तुको आन्तरिक उत्पादन प्रवर्द्धनमार्फत व्यापार सन्तुलनमा जोड दिने एवं वैदेशिक रोजगारीमा रहेका विशेषज्ञ र सीपयुक्त नेपालीलाई स्वदेशमै उद्यमशील र स्वरोजगार बन्न आकर्षित गर्ने एवं नवप्रवर्तन र उद्यमशीलता प्रवर्द्धन गरी युवा लक्षित रोजगारी सृजना गर्न उच्च प्राथमिकता दिने योजनासमेत बजेटमा समेटिएको छ।

"वर्तमान सरकार गठन भएपछि हासिल भएका सकारात्मक परिणामको जगमा थप उपलब्धि हासिल गर्न, जनताको जीवनमा सकारात्मक परिवर्तन ल्याउन, सबै प्रकारका निराशा चिर्न र आम जनतामा आशा जगाउन सरकार दृढ सङ्कल्पित छ", अर्थमन्त्रीले भन्नुभयो।रासस

# पहिला देशलाई आर्थिक रुपमा सम्पन्न बनाउनुपर्छः सांसद भण्डारी

काठमाण्डु । नेपाली कांग्रेसका केन्द्रीय सदस्य तथा प्रतिनिधिसभा सदस्य शङ्कर भण्डारीले आफ्नै स्रोत/साधनको उपयोग गर्दै देशलाई आर्थिक रुपमा सम्पन्न बनाउने बाटो अंगिकार गर्नुपर्नेमा जोड दिनुभएको छ । पूर्वमन्त्री भण्डारीले भन्नुभएको छ, "पर्यटन, जल, जमिन, भौगोलिक बनावट, जडीबुटी र कृषिलगायतका हिसाबले हिसावले धनी छ, तर यसको सदुपयोग हुन सकेको छैन।"

> बन्द भएका र रुग्ण अवस्थामा रहेका उद्योग/कलकारखानाको सञ्चालन गर्नुपर्छ । हामीसँग पर्याप्त जल छ । त्यसको भरपूर उपयोग गर्दै रोजगारी सिर्जना गर्नुपर्छ । अहिलेसम्म देश विकास नहुनुमा नेताहरुले नैतिक जिम्मेवारी लिनुपर्छ ।



सांसदसँग रासस संवादका लागि नेता भण्डारीसँग संविधान कार्यान्वयन र संशोधन, सङ्घीयता कार्यान्वयनको अवस्था, देशको आर्थिक विकासमा राजनीतिक दलको भूमिका, तथा मुलुकको समसामयिक विषयमा राससका समाचारदाता सुशील दर्नालले गर्नुभएको कुराकानीको सम्पादित अंश)

देशले गणतन्त्र प्राप्त गरेको आज १८ वर्ष भएको छ । तर, व्यवस्था फेरिएपनि जनताको अवस्था उस्तै छ। यो अवधिलाई फर्केर हेर्ने हो भने देशको आर्थिक अवस्थामा कुनै फरक आएको छैन । देशको बाह्य सम्वन्धमा तात्विक सुधार हुन सकेको छैन । त्यसकारण जबसम्म जनताको आवस्थामा परिवर्तन आउँदैन, तबसम्म गणतन्त्र दिवस मात्रै मनाउनुले कुनै अर्थ राख्छ जस्तो मलाई लाग्दैन । हामी लोकतान्त्रिक प्रणालीमा छौँ । प्रजातान्त्रिक प्रणालीमा जो कोहीले पनि फरक मत राख्न पाउँछ। अहिले देशको राजनीतिक व्यवस्थाको विकल्प खोज्न सबै जनतालाई आधिकार छ । कसैले परक मत राख्दैमा त्यसको खेदो गर्नु हुँदैन । लोकतन्त्रमा जनताका असन्तुष्टिलाई सरकार र राजनीतिक दलले अन्यथा लिनु हुँदैन।

संविधान पूर्ण छैन। संविधान जारी गर्ने बेलामा पनि धेरै विमतिहरु थिए । संविधानमा जनताका धेरै सवाल समावेश हुन सकेको छैन । यो संविधान जनताको मत विपरीत जारी गरिएको छ । त्यतिबेला राजनीतिक दलको सम्झौताका रुपमा यो संविधान जारी भएको हो। संविधान जारी गर्ने बेलामै राजनीतिक दलहरुले गल्ती गरेका छन् । अब यसलाई सच्याउनको निम्ति पनि संविधान संशोधन जरुरी छ । संविधान जारी गर्ने समयमा छुटेका जनताका सवाल र जारी भएको यो दश वर्षको अवधिलाई गहिरो गरी समीक्षा गरेर संशोधन गर्न जरुरी छ । संविधान संशोधनको विषयलाई सरकार र मुख्य राजनीतिक दलले सामान्य रुपमा लिनु हुँदैन।

सरकार गठनका क्रममा कांग्रेस, नेपाल कम्युनिष्ट पार्टी (एमाले) लगायत सात राजनीतिक दलबीच संविधान संशोधन गर्ने सहमति भएको छ । तर आज सरकार बनेको ११ महिनासम्म पनि संविधानको विषय टुङ्गो लागेको छैन। संशोधनको नाममा जनतालाई भुलभुलैमा पार्नु हुँदैन।

सरकारले मुख्यगरी जनताको भावनाअनुसार संविधानको विषय ल्याउनुपर्छ । संशोधन सरकारले बहुमतको आधारमा गर्नु हुँदैन । जसरी जारी गर्ने बेलामा सबै राजनीतिक दलको बीचमा सहमति भएको थियो । त्यसरी नै संशोधनमा पनि जनताको भावना अनुसार सबै दलको सहमति हुनुपर्छ।

अहिलेको सङ्घीय संरचना अत्यन्त महङ्गो छ। सङ्घीयताबारे पनि गहिरो गरी समीक्षा गर्नुपर्छ। सङ्घीयताको नाममा अनावश्यक खर्च भइरहेको छ । युवा शक्ति विदेश पलायन हुनु देशको लागि बिडम्वनाको अवस्था हो । देशभित्र रोजगारी नपाएर मात्रै होइन । रोजगारी पाएका निजामति सेवा, नेपाल प्रहरी, नेपाली सेनापनि जागिर छोडेर विदेश पलायन हुँदै छन् । कोही अध्ययनको निम्ति भन्दै विदेश पलायन भएका छन। उनीहरुलाई देशभित्रै रोजगारी दिने, व्यवहारिक शिक्षा दिने र उपयुक्त सेवा सुविधा दिने विषयमा सरकारको ध्यानै जान सकेको छैन।

वर्तमान सरकार मात्रै होइन, यसअधिका सरकारको पनि पर्याप्त ध्यान पुगेन। देश सुधार गर्न पहिला राजनीतिक दलमा सुधार जरुरी छ। राजनीतिक दल एकले अर्कालाई आरोप लगाए मात्रै हुँदैन।

हामी नेताहरु सच्चिन जरुरी छ । हामी नेताहरु अहङ्कारी र गैरजिम्मेवार भएका छौँ । हामीमा म जस्तो कोही छैन भन्ने भ्रम पैदा भएको छ । यी सबै भ्रमबाट मुक्त भएर दल र दका नेताहरु सच्चिनुपर्ने अहिलेको आवश्यकता हो । त्यसपछि मात्रै देश बन्छ । म नै सर्वेसर्वा भन्ने भ्रमबाट हामी मुक्त हुनुपर्छ। नेताले आफ्नो लागि होइन, जनताको निम्ति काम गर्नुपर्छ । हामी नेताहरु जनताप्रति उत्तरदायि हुनुपर्छ। जिम्मेवार हुनुपर्छ। सरकार र राजनीतिक दलले जनताको पक्षमा काम गर्नुपर्छ । सबैभन्दा पहिला देशलाई आर्थिक रुपमा सम्पन्न बनाउन जरुरी छ। त्यसको निम्ति आफ्नै देशको पर्यटन विकासमा जोड दिनुपर्छ।

बन्द भएका र रुग्ण अवस्थामा रहेका उद्योग/कलकारखानाको सञ्चालन गर्नुपर्छ । हामीसँग पर्याप्त जल छ। त्यसको भरपूर उपयोग गर्दै रोजगारी सिर्जना गर्नुपर्छ । अहिलेसम्म देश विकास नहुनुमा नेताहरुले नैतिक जिम्मेवारी लिनुपर्छ। राजनीतिक दलका नेताले निर्वाचनको समयमा जनतासामु राखेका प्रतिबद्दता पूरा गर्ने गरी काम गर्नुपर्छ।

अहिले पनि सरकारले ठोस नीति र कार्यक्रम बनाउन नसक्दा विकासका योजना मलपत्र परेका छन् । मुख्य कुरा यो वर्तमान सरकारले विकासका योजनाहरू समयमै सम्पन्न गर्न नसक्नुको कारण र समाधानका उपायहरू खोज्न जरुरी छ।

कुनैपनि निर्माणका कामहरु समयमै सम्पन्न गर्न जरुरी छ। सुशासनको निम्ति सरकारले भ्रष्टाचारीलाई कडा कारवाही गर्नुपर्छ। आफ्नो पार्टीको मान्छे हो भनेर कुनैपनि सरकारले आफ्ना नेता/कार्यकर्ताको संरक्षण गर्नु हुँदैन । तर, अहिले यहाँ त्यही भइरहेको छ । भ्रष्टाचार अन्त्य गर्दै देशमा सुशासन कायम गर्ने आम नागरिकको पनि महत्वपूर्ण भूमिका हुन्छ।रासस

# आगामी आवको बजेटमा यस्ता छन् वन मन्त्रालयका नयाँ कार्यक्रम

काठमाण्डु । नेपाल सरकारले बिहीबार आर्थिक वर्ष २०८२/०८३ का लागि बजेट प्रस्तुत गरेको छ । उक्त बजेटअनुसार वन तथा वातावरण मन्त्रालयमा आगामी आवका लागि रु १८ अर्ब ६१ करोड विनियोजन गरिएको छ।

यस पटकको बजेटमा सधैँ खटकिरहने तर पूरा हुन नसकेका धेरै विषय समेटिएको वन मन्त्रालयले जनाएको छ । खासगरी मुलुकभरका वनजङ्गलमा काठ सडेर कुहिने तर कानुनी उल्झनका कारण बर्सेनि अर्बौंका काठ आयात गर्नुपर्ने बाध्यतालाई अन्त्य गर्ने विषय बजेटमा सम्बोधन गरिएको छ।

वनमन्त्री ऐनबहादुर शाही ठकुरीले रासससँग कुरा गर्दै आगामी बजेटमा वन क्षेत्रको भोगाधिकार दिँदा नापजाँच गरिएका रूखहरू कटान गर्नुअघि पुनः नापजाँच गर्नुपर्ने व्यवस्था हटाइने उल्लेख गरिएको बताउनुभयो । साथै सुकेका तथा ढलापडा रूखलाई सङ्कलन गरी प्रयोगमा ल्याउने विषय पनि बजेटमा सम्बोधन भएको उहाँले बताउनुभयो।

मन्त्री शाहीले भन्नुभयो, "देशभित्रको काठ तथा काठजन्य सामग्रीको गुणस्तरीय उत्पादन तथा उपभोग बढाउन सिजनिङ उद्योगलाई प्रोत्साहन गरिनेछ। यस्तै, पुष्पलाल मध्यपहाडी राजमार्ग आसपासका क्षेत्रमा फर्निचर तथा भेनियर उद्योग स्थापना गर्न प्रोत्साहन गरिने बजेटमा उल्लेख छ। "

यसैगरी जैविक विविधता र वन्यजन्तुको प्राकृतिक बासस्थान संरक्षण गर्न घाँसेमैदान तथा पानीका स्रोतको व्यवस्थापन गर्ने मध्यवर्ती क्षेत्रका बासिन्दाका लागि सामुदायिक विकास, आयआर्जन तथा रोजगारीका कार्यक्रम सञ्चालन गरिने बजेटमा उल्लेख छ।

मन्त्रालयले मानव वन्यजन्तु सहअस्तित्व कायम हुनेगरी मध्यवर्ती क्षेत्रको व्यवस्थापन गरिने व्यवस्था बजेटमा रहेको जनाएको छ। जङ्गली हात्तीको आक्रमणबाट हुने जनधनको क्षति रोकथाम गर्न हात्तीको प्राकृतिक मार्ग संरक्षण तथा नियन्त्रणका लागि आधुनिक प्रविधिसहितको 'सोलार फेन्सिङ' प्रयोग गरिने भएको छ।

"जडीबुटी उत्पादन, सङ्कलन, प्रशोधन, प्रयोगशाला प्रमाणीकरण र बजारीकरण गरी निर्यात प्रवर्द्धनमा जोड दिइनेछ । जडीबुटी



उत्पादन तथा प्रशोधन कम्पनी लिमिटेडको पूर्वाधार विकास र व्यवस्थापन सुधार गरी उत्पादन क्षमता बढाइनेछ। यसका लागि रु २० करोड विनियोजन गरिएको छ", मन्त्री शाहीले भन्नुभयो।

'फुट फरेष्ट' कार्यक्रम सञ्चालन गरिने सामुदायिक वन तथा राष्ट्रिय राजमार्गको दायाँबायाँ क्षेत्रमा फलफूल, जडीबुटी तथा उच्च मूल्यका वनस्पतिका वृक्षरोपण र संरक्षण गर्न समुदायलाई प्रोत्साहित गरिने बजेटमा उल्लेख छ । यस्तै, समुदायसँगको सहकार्यमा 'फुट फरेष्ट' कार्यक्रम सञ्चालन गरिने भएको छ। चुरे तथा तराई-मधेसको जलचक्रलाई दिगो बनाउन जलाधार क्षेत्रको एकीकृत व्यवस्थापन गरिने, गल्छी तथा सिमसार क्षेत्र संरक्षण, वन क्षेत्रमा वृक्षरोपण तथा प्राकृतिक पुनःस्थापना र पानीको सञ्चय तथा पुनर्भरणका कार्यक्रम सञ्चालन गरिने मन्त्रालयले जनाएको छ।

त्यसका लागि रु एक अर्ब ६९ करोड विनियोजन गरिएको मन्त्री शाहीले जानकारी दिनुभयो।

यसैगरी बजेटमा जैविक विविधताको संरक्षण र वन डढेलो रोकथाम तथा नियन्त्रणका लागि समुदायस्तरमा सचेतना अभियान सञ्चालन गरिने र डढेलो लगाउने व्यक्तिलाई कानुनको दायरामा ल्याउन सूचना दिने र निभाउन योगदान गर्ने व्यक्ति तथा समुदायलाई पुरस्कृत गरिने व्यवस्थासमेत गरिएको छ।

**वन मन्त्रालयको बजेट झण्डै तीन अर्ब वृद्धि**

अघिल्लो आवको तुलनामा यस मन्त्रालयको बजेट रु दुई अर्ब ९१ करोडले वृद्धि भएको छ। गत वर्ष वन मन्त्रालयका लागि रु १५ अर्ब ७० करोड बजेट विनियोजन गरिएको थियो।रासस

# महिला सशक्तीकरणका लागि आर्थिक स्वतन्त्रता अनिवार्य शर्त हुनुपर्छ : उपराष्ट्रपति

काठमाण्डु। उपराष्ट्रपति रामसहायप्रसाद यादवले महिला सशक्तीकरणका लागि आर्थिक स्वतन्त्रता अनिवार्य शर्तका रूपमा अवलम्बन र कार्यान्वयन गर्नुपर्ने आवश्यकता औँल्याउनुभएको छ।

सातौँ राष्ट्रिय महिला अधिकार दिवसका अवसरमा आज शुभकामना व्यक्त गर्दै उपराष्ट्रपति यादवले लैङ्गिक समानता, महिला सशक्तीकरण र महिलाप्रति हुने हिंसा, विभेद र असमनाताविरूद्ध आवाज उठाउने अठोट र प्रण लिने अवसरका रूपमा पनि यो दिवसलाई लिन सक्नुपर्नेमा जोड दिनुभएको छ। उहाँले भन्नुभएको छ, "महिला सशक्तीकरणका लागि शिक्षा र सीप विकास, आर्थिक स्वतन्त्रता, राजनीतिक सहभागिता, महिला नेतृत्व र उद्यमशीलता, कानुनी सुधार र अधिकार, स्वास्थ्य र प्रजनन अधिकारजस्ता मूलभूत विषयलाई अनिवार्य शर्तका रूपमा अवलम्बन र कार्यान्वयन गर्नुपर्ने आवश्यकता छ।"

संविधानमा उल्लेखित लङ्ैगिक समानताका प्रावधानलाई कार्यान्वयन गर्न र सामाजिक जागरुकता फैलाउनमा यो दिवसले महत्त्वपूर्ण भूमिका निर्वाह गरेको उपराष्ट्रपति यादवले विश्वास व्यक्त गर्नुभएको छ। लैङ्गिक असमानता र महिलाप्रति हुने सबैखाले अन्यायको अन्त्यका लागि सचेतना फैलाउन, सरकार र सम्बन्धित निकायलाई महिला अधिकारका लागि प्रभावकारी नीति तथा कार्यक्रमका साथ ठोस कार्यान्वयनमा उत्प्रेरित गर्न सके मात्र महिला अधिकार दिवसको सार्थकता थप पुष्टि हुने उहाँको भनाइ छ।

"महिलाहरूलाई आफ्ना अधिकारबारे जानकारी दिने र नेतृत्व, शिक्षा र आर्थिक अवसरमा सहभागी गराउने, लैङ्गिक हिंसा, बालविवाह, दाइजोजस्ता कुप्रथाविरूद्ध सामुदायिक एकताको अपरिहार्यतालाई आत्मसात् गर्दै अघि बढ्नु आजको आवश्यकता पनि हो", शुभकामना सन्देशमा उल्लेख छ।रासस

# पर्यटन विकासका लागि नीतिगत सुधार गर्छौँ : पर्यटनमन्त्री पाण्डे

काठमाण्डु । संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री बद्रीप्रसाद पाण्डेले मुलुकको पर्यटन विकासका लागि नीतिगत र संरचनागत सुधारमा मन्त्रालय केन्द्रित रहेको बताउनुभएको छ । मूल समारोह समितिले बिहीबार आयोजना गरेको ७२औँ अन्तरराष्ट्रिय सगरमाथा दिवस तथा 'वर्ल्ड समिटर्स समिट- २०२५' का अवसरमा उहाँले पर्यटन नीति र पर्यटन ऐन छिट्टै ल्याइने सोही माध्यमबाट पर्यटन विकास गरिने उल्लेख गर्नुभयो ।पर्यटनमन्त्री पाण्डेले सरकारले नीति बनाएर निजी क्षेत्रको साझेदारितालाई फराकिलो बनाएर लैजानै विश्वास व्यक्त गर्नुभयो। सगरमाथा दिवसलाई आगामी दिनमा थप भव्य र गौरवमय बनाइने उल्लेख गर्नुभयो।

कोशी प्रदेशका मुख्यमन्त्री हिक्मतकुमार कार्कीले सगरमाथा हिमालको संरक्षण तथा सरसफाइमा ध्यान दिनुपर्ने खाँचो औँल्याउनुभयो । उहाँले जलवायु परिवर्तनको असरलाई न्यूनीकरण गर्दै सङ्घीय सरकारसँग समन्वय गरेर कोशी प्रदेश अघि बढ्ने प्रतिबद्धता जनाउनुभयो ।नेपाल पर्यटन बोर्डका प्रमुख कार्यकारी अधिकृत दीपकराज जोशीले सगरमाथा नेपालको शान, मान र गौरव रहेको भन्दै यसको संरक्षण गर्दै पर्यटन प्रवर्द्धन गरि नुपर्नेमा जोड दिनुभयो।

नेपाल पर्वतारोहण सङ्घका अध्यक्ष निमानुरु शेर्पाले पुरानो पर्यटन ऐनलाई संशोधन गरेर पर्वतारोहणसम्बन्धी कामलाई प्राथमिकतामा राखिनुपर्ने खाँचो औँल्याउनुभयो ।'वर्ल्ड समिटर्स समिट' कार्यक्रममा कीर्तिमानी आरोहीहरूको समूहगत छलफल सत्र सञ्चालन गरिएको थियो। कीतिमानी आरोही मिङमा डेबिड शेर्पा, सानु शेर्पा, पूर्णिमा श्रेष्ठ, फुञ्जो लामा, कुञ्जाङ छोपेल शेर्पा, निमा रिञ्जी शेर्पा र दावा तेञ्जी शेर्पाले आरोहण अनुभव सुनाउनुभएको थियो।

सरकारले पर्वतीय पर्यटन क्षेत्रमा योगदान गर्ने विभिन्न व्यक्तित्वहरूलाई सम्मान गरेको छ। सगरमाथा दिवसका अवसरमा आयोजित कार्यक्रममा प्रधानमन्त्री केपी शर्मा ओलीले अन्तरराष्ट्रिय सगरमाथा पुरस्कार मिङ्मा ग्याल्जे शेर्पालाई प्रदान गर्नुभयो। यो पुरस्कारको राशि रु एक लाख र कदरपत्र रहेको छ। अक्सिजनबिना विश्वका १४ वटा आठ हजार मिटरभन्दा अग्ला हिमाल आरोहण गरेर विश्व कीर्तिमान कायम गर्नुभएको थियो।

त्यस्तै रु ५० हजार राशिको तेञ्जिङ हिलारी (अध्ययन तथा अनुसन्धान) पुरस्कार शेर्पा बुकका लेखक प्रदीप बस्याल र अङ्कित अधिकारीलाई प्रदान गरियो भने तेञ्जिङ हिलारी (खोज तथा उद्धार) पुरस्कार लाक्पा नुर्बु शेर्पा र क्याप्टेन मौरिजियो फोलिनीलाई दिइएको छ।

तेञ्जिङ हिलारी (कीर्तिमानी आरोही) पुरस्कार निमा रिञ्जी शेर्पा र पेमा डोमा महिला आरोही पुरस्कार लाक्पा शेर्पालाई प्रदान गरिएको छ।रासस


मधेश प्रदेश सरकार
भौतिक पूर्वाधार विकास मन्त्रालय
पूर्वाधार विकास कार्यालय
मलंगवा, सर्लाही

## आशयपत्र सम्बन्धि सूचना

प्रथम पटक प्रकाशित मिति २०८२/०२/१७

यस कार्यालयद्वारा तपसिलका निर्माण कार्यका लागि मिति २०८२/०१/११ गते राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित बोलपत्र सूचना बमोजिम रितपूर्वक E–Bid मार्फत प्राप्त भएका सम्पूर्ण बोलपत्रहरु मध्ये न्युनतम मुल्यांकित सारभूत रुपमा प्रभावग्राही भएको तपसिलको निर्माण कार्यको बोलपत्र स्वीकृतिको आशयको प्रयोजनको लागि छनोट भएको हुदाँ सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा (२) र (३) बमोजिम तथा सोहि ऐनको दफा ४७ को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

तपसिल

| सि. नं. | ठेक्का नं. | योजनाको नाम | न्युनतम मुल्यांकित बोलपत्र दाताको नाम | कबोल रकम रु. (मु.अ.कर. र P.S. बाहेक) | कैफियत |
|---|---|---|---|---|---|
| १ | IDOSARLAHI/NCB/ Works/2081/082-15 | Construction of Ward Office Haripur Na. Pa. 02, Sarlahi | Om Sai Nirmana Sewa Pvt. Ltd. Haripur-08, Sarlahi | २७३४३९७.६५ | |


कार्यालय प्रमुख

# टर्कीमा पाँच हजार वर्ष पुरानो रोटी फेरि आयो

एएफपी

एस्किसेहिर । प्रारम्भिक कांस्य युगमा आजको मध्य टर्कीमा नयाँ निर्माण गरिएको घरको ढोकामुनि एउटा रोटीको टुक्रा गाडिएको थियो ।

अब पाँच हजार वर्षभन्दा बढी पछि पुरातत्वविद्हरूले यसलाई खनेर निकालेका छन् र स्थानीय बेकरीलाई यसको रेसिपी पुनः सिर्जना गर्न मद्दत गरेका छन् -- ग्राहकहरू यसलाई किन्न लाइनमा बसिरहेका छन् ।गोलाकार र प्यानकेक जस्तै समतल १२ सेन्टिमिटर (पाँच इन्च) व्यासको यो रोटी मध्य एनाटोलियन सहर एस्किसेहिर नजिकैको कुल्लुओबा साइटमा उत्खननका क्रममा फेला परेको थियो ।






"उत्खननका क्रममा प्रकाशमा आएको यो सबैभन्दा पुरानो पकाएको रोटी हो र यसले धेरै हदसम्म आफ्नो आकार सुरक्षित राख्न सक्षम भएको छ", पुरातत्वविद् र उत्खननका निर्देशक मुरात तुर्कटेकीले भन्नुभयो, "उत्खननका क्रममा पाइने रोटी एउटा दुर्लभ वस्तु हो । सामान्यतया तपाईंले टुक्राहरू मात्र फेला पार्नुहुन्छ, तर यहाँ, यसलाई संरक्षित गरिएको थियो किनभने यसलाई जलाइएर गाडिएको थियो ।"

रोटी जलेको थियो र ईसापूर्व तीन हजार तीन सयको आसपास निर्माण गरिएको घरको प्रवेशद्वारमुनि गाडिएको थियो ।रोटी जलाउनु अघि एउटा टुक्रा च्यातिएको थियो, त्यसपछि घर निर्माण गर्दा गाडिएको थियो ।"यसले हामीलाई प्रशस्तताको अनुष्ठानको बारेमा सोच्न बाध्य पार्छ", तुर्कटेकीले भन्नुभयो ।

**यस खोजबाट प्रेरित**

सन् २०२४ सेप्टेम्बरमा उत्खनन गरेर निकालिएको जलेको रोटी बुधबारदेखि एस्किसेहिर पुरातत्व सङ्ग्रहालयमा प्रदर्शनमा राखिएको छ । "हामी यस खोजबाट धेरै प्रभावित भयौँ । हामीले उत्खनन निर्देशकसँग कुरा गर्दा हामी यो रोटी पुनः उत्पादन गर्न सक्छौँ कि भनेर म आश्चर्यचकित भएँ", सहरका मेयर आयसे उनलुसेले भन्नुभयो ।रोटी मोटो पिसेको एमर पिठो (गहुँको पुरानो प्रजाति) र मसुरोको दानाबाट बनाइएको र खमीरका रूपमा अझै अज्ञात बिरुवाको पातको प्रयोग गरिएको थियो भन्ने विश्लेषणहरूले देखाए ।

पुरानो एमरका बीउहरू अब टर्कीमा अवस्थित छैनन् । मूल रेसिपीको जति नजिक पुग्न सकिन्छ त्यति नजिक पुग्न नगरपालिकाले पुरानो रोटीको विश्लेषण गरेपछि पुरानो एमरसँग मिल्दोजुल्दो रेसिपी काभिल्का गहुँ, साथै बुल्गुर र मसुरो प्रयोग गर्ने निर्णय गऱ्यो ।कम लागतको रोटी प्रदान गर्न नगरपालिकाद्वारा प्रवर्धित, हल्क एकमेक बेकरी (टर्कीमा 'जनताको रोटी' को अर्थ) मा कर्मचारीहरूले हरेक दिन हातले कुल्लुओबाको तीन सय वटा रोटी बनाइरहेका छन् ।

"पुर्खाको गहुँको पिठो, मसुरो र बुल्गुरको संयोजनले समृद्ध, तृप्त, कम ग्लुटेन, प्रिजर्भेटिभ-मुक्त रोटी बनाउँछ", बेकरीका प्रबन्धक सेराप गुलरले भन्नुभयो ।पहिलो कुल्लुओबा रोटीहरू तीन सय ग्राम (११ औंस) केकका रूपमा बजारमा आए । यसको मूल्य ५० टर्की लिरा (लगभग एक दशमलव २८ डलर ) छ र केही घण्टामै बिक्री भयो ।"म हतारमा आएँ किनभने मलाई डर थियो कि केही बाँकी नरहला । म यस पुरानो रोटीको स्वादका बारेमा उत्सुक छु", ग्राहक सुजान कुरुले भन्नुभयो ।

**खडेरी प्रतिरोधी**

लिखित प्रमाणको अभावमा कुल्लुओबाको सभ्यता धेरै हदसम्म रहस्यमय रहेको छ ।कांस्य युगमा हत्तीहरू एस्किसेहिर क्षेत्रमा बस्थे । हत्तीहरू एनाटोलिया जातिका मानिसहरू हुन् जो हित्तीहरूभन्दा पहिले थिए ।"कुल्लुओबा व्यापारिक गतिविधि, शिल्प, कृषि र खानीमा संलग्न एक मध्यम आकारको सहरी समूह थियो । त्यहाँ स्पष्ट रूपमा एउटा निश्चित पारिवारिक र सामाजिक व्यवस्था थियो", पुरातत्वविद् डेनिज सारीले भन्नुभयो ।

रोटीको पुनः खोजले खडेरीका लागि उपयुक्त प्राचीन गहुँको खेतीमा चासो जगाएको छ ।कुनै समय पानीको स्रोतमा धनी रहेको एस्किसेहिर प्रान्त आज खडेरीबाट ग्रस्त छ ।"हामी जलवायु सङ्कटको सामना गरिरहेका छौँ, तर हामी अझै मकै र सूर्यमुखी खेती गरिरहेका छौँ, जसलाई धेरै पानी चाहिन्छ", स्थानीय मेयर उनलुसले भन्नुभयो, "हाम्रा पुर्खाहरूले हामीलाई पाठ सिकाइरहेका छन् । उनीहरूजस्तै हामी पनि कम पानी चाहिने बालीतर्फ अघि बढ्नुपर्छ ।"

खडेरी र रोग प्रतिरोधी भएको यस क्षेत्रमा काभिल्का गहुँको खेतीलाई पुनर्जीवित गर्न मेयर चाहनुहुन्छ ।"हामीलाई यस विषयमा बलियो नीति चाहिन्छ । प्राचीन गहुँ खेती यस दिशामा एउटा प्रतीकात्मक कदम हुनेछ", उहाँले भन्नुभयो, "यी भूमिहरूले यस रोटीलाई पाँच हजार वर्षसम्म सुरक्षित राखेका छन् र हामीलाई यो उपहार दिएका छन् । यस सम्पदाको रक्षा गर्नु र यसलाई हस्तान्तरण गर्नु हाम्रो कर्तव्य हो ।"

# 'आगामी वर्षको बजेट खेलकुद क्षेत्रका लागि उत्साहजनक'



कास्की । राष्ट्रिय खेलकुद परिषद् (राखेप)का सदस्यसचिव टङ्कलाल घिसिङले इतिहासमा पहिलोपटक नेपाली खेलकुदको बजेटको अङ्कमा निकै ठूलो बढोत्तरी भएको बताउनुभएको छ ।

सरकारले आगामी वर्ष २०८२/८३ का लागि बिहीबार सदनमा प्रस्तुत गरेको बजेट नेपाली खेलकुद क्षेत्रका लागि उत्साहजनक रहेको उहाँले उल्लेख गर्नुभयो ।

पोखरामा शुक्रबार खेलकुद पत्रकार मञ्च गण्डकीले आयोजना गरेको पत्रकार भेटघाटमा सदस्यसचिव घिसिङले खेलकुद क्षेत्रलाई सरकारले प्राथमिकता दिनुलाई सबैले सकारात्मक रूपमा लिनुपर्ने बताउनुभयो ।

"इतिहासमै पहिलोपटक खेलकुद क्षेत्रमा बजेट वृद्धि भएको छ । यसलाई हामी सबैले उत्साहजनक रूपमा लिनुपर्ने हुन्छ", उहाँले भन्नुभयो । सदस्यसचिव घिसिङले पोखरा रङ्गशालाभित्रको क्रिकेट मैदान निर्माण तथा स्तरोन्नतिका लागि प्राथमिकता राखेर बजेट विनियोजन गरिएको जानकारी दिनुभयो ।

परिषद्को बजेट प्रस्ताव गर्दा क्रिकेटको उमेर समूहको वर्ल्डकपका लागि समेत मध्यनजर गरी प्रस्ताव गरिएको उहाँले जानकारी दिनुभयो । "पोखरा रङ्गशालाभित्रको क्रिकेट मैदान निर्माणाधीन रहेको छ । यस रङ्गशालाका लागि तेब्बर बढाएर प्रस्ताव गरिएको छ । विस्तृत बजेटको खाका आउँदा तपाईंहरूले थाहा पाउनुहुने छ", सदस्यसचिवले भन्नुभयो ।उहाँले उच्च पर्वतीय खेलमैदानका लागि पनि बजेट विनियोजन भएको जानकारी दिनुभयो ।

"प्रदेश र केन्द्रका साझेदारी प्रकृतिका कार्यक्रमसमेत राखेका छौँ । स्थानीय तहमार्फत कार्यान्वयन गर्नेगरी प्रस्ताव बजेटमा गरिएको छ", उहाँले भन्नुभयो ।

सदस्यसचिव घिसिङले पोखरामा भएको नवौँ राष्ट्रिय खेलकुदको समापन समारोहमा कर्णालीमा गर्नेगरी १०औँ झण्डा हस्तान्तरण गरिएको भए पनि विविध कारणले तोकिएको मितिमा राष्ट्रिय खेलकुद हुन नसकेको बताउनुभयो ।

दशौँ राष्ट्रिय खेलकुदका लागि पनि बजेट विनियोजन गरिएकाले आगामी वर्षमा प्रतियोगिता हुने उहाँले बताउनुभयो ।

नेपाल सरकार, प्रदेश सरकार र अन्य सबै सरोकारवालाको समान बुझाइ राष्ट्रिय खेलकुदका सम्बन्धमा हुनुपर्ने र नेपाली खेलकुद प्रतियोगिता समयमै कसरी गर्न सकिन्छ भन्नेबारेमा छलफल हुनुपर्ने उहाँले बताउनुभयो ।रासस

# दुई महिनापछि म्याराडोनाको मुद्दा खारेज

एएफपी

सान इसिड्रो ।हप्तौँको सुनुवाइ र ४० भन्दा बढी साक्षीको गवाहीपछि अर्जेन्टिनाको अदालतले बिहीबार एक टिभी मिनिसिरिजको स्क्यान्डलका कारण दिवङ्गत महान् फुटबल खेलाडी डिएगो म्याराडोनाको चिकित्सक टोलीको मुद्दालाई रद्द गरेको छ ।



सन् २०२० मा म्याराडोनाको मृत्युमा कथित चिकित्सा लापरवाहीका कारण पहिलेदेखि नै ढिलाइ भएको यस मुद्दामा तीन नयाँ न्यायाधीशसहित नयाँ मुद्दा सुरुदेखि नै सुरु गर्नुपर्नेछ ।

न्यायाधीश जुलिएटा माकिन्टाच यस मुद्दाका बारेमा वृत्तचित्र मिनीसिरिजमा संलग्न हुनुभएको र यसले नैतिकताका धेरै नियमहरू उल्लङ्घन गरेको हुनसक्छ भन्ने कुरा खुलासा भएपछि उहाँ यस हप्ता मुद्दाबाट राजीनामा दिन बाध्य हुनुभयो ।उहाँका सहकर्मी न्यायाधीश म्याक्सिमिलियानो साभारिनोले माकिन्टाचको व्यवहारले म्याराडोनाका छोराछोरी लगायत साक्षीहरूबाट घण्टौँ पीडादायी, कहिलेकाहीँ अश्रुपूर्ण गवाही सुनेको कार्यवाहीमा 'पूर्वाग्रह उत्पन्न' गरेको भन्दै बिहीबार मुद्दा रद्द गर्नुभयो ।

"म शान्त छैन । म रिसाएको छु। म तिनीहरूलाई घृणा गर्छु!" फुटबल खेलाडीकी छोरी जाना म्याराडोनाले बिहीबार अदालत बाहिर पत्रकारहरूलाई भन्नुभयो ।पूर्व साझेदार भेरोनिका ओजेडाले घटनालाई ' अपमानजनक' भन्नुभएको छ । तर उहाँले भन्नुभयो, "यदि मैले यो (गवाही) हजार पटक बढी गर्नुपऱ्यो भने, म गर्नेछु ।"विश्वको सबैभन्दा महान् खेलाडीमध्ये एक मानिने म्याराडोनाको सन् २०२० नोभेम्बरमा मस्तिष्कको शल्यक्रियाबाट निको हुँदै गर्दा ६० वर्षको उमेरमा निधन भएको थियो ।

शल्यक्रिया गरेको दुई हप्तापछि उहाँको हृदयाघात र तीव्र पल्मोनरी एडेमाबाट मृत्यु भएको पाइएको थियो । पल्मोनरी एडेमा भनेको यस्तो अवस्था हो जहाँ फोक्सोमा तरल पदार्थ जम्मा हुन्छ ।उहाँको सात सदस्यीय चिकित्सक टोली उहाँको घरमा स्वास्थ्यलाभको अवस्थाका लागि मुद्दामा छ, जसलाई अभियोजकहरूले गम्भीर लापरवाहीका रूपमा वर्णन गरेका छन् ।

**डिभाइन जस्टिस**

मार्च ११ मा सुरु भएको मुद्दामा अभियोजकहरूले पूर्व फुटबलरलाई उहाँको मृत्यु हुनुअघि 'लामो, पीडादायी अवधि' का लागि उहाँको भाग्यमा छोडिएको आरोप लगाए।छोरी जियानिना म्याराडोनाले अदालतलाई उहाँको बुबालाई 'अँध्यारो, कुरूप र एक्लो' ठाउँमा राखिएको र उहाँका हेरचाहकर्ताहरू उहाँको कल्याणभन्दा पैसामा बढी चासो राख्ने गरेको बताउनुभयो ।

त्यसपछि कार्यवाहीमा अवरोध आयो । माकिन्टाच अनधिकृत फिल्मिङको आरोपमा छानबिनमा आउनुभयो ।माकिन्टाचले कुनै गलत काम गरेको अस्वीकार गर्नुभयो, तर प्रहरीको छापा र एक हप्ताको कार्यवाही स्थगनपछि प्रमाणहरू सामने आए जसले ४७ वर्षीया न्यायाधीशको आचरणमाथि प्रश्न उठायो ।मङ्गलबार अदालतमा ' डिभाइन जस्टिस' भनिने टिभी कार्यक्रमको ट्रेलर बजाइयो ।

ट्रेलरमा माकिन्टाचले फुटबल नायकको निधनको गम्भीर विवरणहरू प्रसारण गर्दा उच्च हिलमा न्यायको हलहरूमा हिँडिरहेको गरेको देखाइएको थियो ।

अदालतभित्र बनाइएको अनधिकृत रेकर्डिङहरू र क्यामेरामा माकिन्टाचको अन्तर्वार्ता लिइरहेको देखाइएको उक्त फुटेजले हङ्गामा निम्त्यायो ।माकिन्टाचलाई उहाँको कर्तव्यबाट निलम्बन गरिएको छ र निष्पक्षता आवश्यकताहरू उल्लङ्घन गरेको, प्रभाव पार्ने र सम्भवतः घुसखोरीको आरोपमा न्यायिक अनुशासनात्मक निकायद्वारा अनुसन्धान भइरहेको छ।अभियोजन पक्ष, उजुरीकर्ताहरू र अधिकांश प्रतिरक्षा वकिलहरूले न्यायाधीशहरूको नयाँ प्यानल नियुक्त गर्न र मुद्दा पुनः सुरु गर्न आग्रह गरेका थिए ।

"मुद्दालाई रद्द गर्न बाहेक अरू कुनै विकल्प थिएन", अभियुक्तहरूमध्ये एक म्याराडोनाका मनोचिकित्सकका वकिल वादिम मिस्चानचुकले भन्नुभयो ।नयाँ मुद्दाको सुनुवाइका लागि कुनै मिति तय गरिएको छैन, तर अभियोजनकर्ताले यो वर्ष पुनः सुरु हुने आशा गरेको बताएको छ ।

बिहीबारको फैसलाविरुद्ध कुनै पनि सम्भावित अपिलले कार्यवाही पुनः सुरु गर्न ढिलाइ गर्न सक्छ, जसका लागि न्यायाधीशहरूलाई आन्तरिक अदालतको चिट्ठाद्वारा छनोट गरिनेछ ।यसले मृत्यु निम्त्याउन सक्छ भनेर थाहा भए पनि कारबाहीको मार्ग पछ्याउँछ भने प्रतिवादीहरूलाई 'सम्भावित अभिप्रायसहित हत्या' को आरोपमा दोषी ठहरिएमा आठदेखि २५ वर्षसम्म जेल सजाय हुने जोखिम छ ।

"म्याराडोना अझै शान्तिमा हुनुहुन्न", यस हप्ता अर्जेन्टिनी प्रेसको शीर्षकले भन्यो ।

# आधा विश्वले जलवायु परिवर्तनका कारण अतिरिक्त गर्मीको सामना गऱ्यो : अध्ययन

एएफपी

वासिङ्टन । मानव निर्मित जलवायु परिवर्तनका कारण गत वर्ष विश्वको आधा जनसंख्याले अतिरिक्त एक महिना अत्यधिक गर्मीको सामना गरेको शुक्रबार एउटा नयाँ अध्ययनले देखाएको छ ।

यो निष्कर्षले जीवाश्म इन्धनको निरन्तर दहनले विशेष गरी विकासोन्मुख देशहरूमा कम मान्यता प्राप्त प्रभावहरूका साथ हरेक महादेशमा स्वास्थ्य र कल्याणलाई कसरी हानि पुऱ्याइरहेको छ भन्ने कुरालाई जोड दिएको अध्ययनका लेखकहरूले बताएका छन् ।"प्रत्येक ब्यारेल तेल जलाउँदा, प्रत्येक टन कार्बन डाइअक्साइड निस्कन्छ र तापक्रमको प्रत्येक अंश, तातो लहरहरूले धेरै मानिसलाई असर गर्नेछ", इम्पेरियल कलेज लन्डनका जलवायु वैज्ञानिक र प्रतिवेदनका सह-लेखक फ्रेडेरिक ओटोले भन्नुभयो ।

विश्व मौसम एट्रिब्युसन, क्लाइमेट सेन्ट्रल र रेडक्रस रेड क्रिसेन्ट क्लाइमेट सेन्टरका वैज्ञानिकहरूले गरेको यो विश्लेषण जुन २ मा ग्लोबल हिट एक्सन डे अघि जारी गरिएको थियो । विश्लेषणले यस वर्ष गर्मीको थकान र तातो स्ट्रोकको खतरालाई उजागर गर्दछ ।ग्लोबल वार्मिङको प्रभावको मूल्याङ्कन गर्न शोधकर्ताहरूले सन् २०२४ मे १ देखि सन् २०२५ मे १ सम्मको अवधिको विश्लेषण गरेका थिए ।

उनीहरूले 'चरम तातो दिनहरू' लाई सन् १९९१ देखि सन् २०२० सम्म दिइएको स्थानमा रेकर्ड गरिएका तापक्रमको ९० प्रतिशतभन्दा तातो दिनहरूका रूपमा परिभाषित गरे ।

सहकर्मी-समीक्षित मोडलिङ दृष्टिकोण प्रयोग गरेर उनीहरूले त्यस्ता दिनहरूको संख्यालाई मानव कारणले हुने तापक्रम वृद्धि बिनाको सिमुलेटेड संसारसँग तुलना गरे ।

परिणामहरू स्पष्ट थिएः विश्वव्यापी जनसंख्याको ४९ प्रतिशत अर्थात करिब चार अर्ब मानिसले अन्यथा भन्दा कम्तीमा ३० दिन बढी चरम गर्मीको अनुभव गरे ।टोलीले यस वर्षको अवधिमा ६७ वटा चरम गर्मीका घटनाहरू पहिचान गऱ्यो र ती सबैमा जलवायु परिवर्तनको छाप फेला पाऱ्यो ।क्यारेबियन टापु आरुबा सबैभन्दा बढी प्रभावित भएको थियो । त्यहाँ एक सय ८७ चरम गर्मी दिन रेकर्ड गरियो । यो जलवायु परिवर्तन बिना संसारमा अपेक्षाभन्दा ४५ दिनभन्दा बढी हो ।

यो अध्ययन अभूतपूर्व विश्वव्यापी तापक्रमको वर्ष पछि आएको छ । सन् २०२३ लाई उछिनेर सन् २०२४ रेकर्डमा सबैभन्दा तातो वर्ष थियो भने सन् सन् २०२५ को जनवरी अहिलेसम्मको सबैभन्दा तातो जनवरी थियो । पाँच वर्षको औसतमा विश्वव्यापी तापक्रम अब पूर्व-औद्योगिक स्तरभन्दा १.३ डिग्री सेल्सियस बढी छ -- र सन् २०२४ मा मात्रै तिनीहरूले पेरिस जलवायु सम्झौताद्वारा तोकिएको प्रतीकात्मक सीमा १.५ डिग्री सेल्सियस नाघे ।

प्रतिवेदनले कम आय भएका क्षेत्रहरूमा गर्मीसँग सम्बन्धित स्वास्थ्य प्रभावहरूमा डेटाको गम्भीर अभावलाई पनि प्रकाश पार्छ । युरोपले सन् २०२२ को गर्मीमा ६१ हजारभन्दा बढी तातोसँग सम्बन्धित मृत्यु रेकर्ड गर्दा अन्यत्र तुलनीय तथ्याङ्कहरू विरलै छन् ।

धेरै तातोसँग सम्बन्धित मृत्युहरूलाई हृदय वा फोक्सोको रोग जस्ता अन्तर्निहित अवस्थाहरूमा गलत रूपमा श्रेय दिइन्छ ।रासस


# क्रिकेट रङ्गशालाको काम दुई 'सिफ्ट' मा

चितवन । भरतपुर महानगरपालिकाले निर्माण गरिरहेको गौतमबुद्ध अन्तरराष्ट्रिय क्रिकेट रङ्गशालामा रातिको समयमा समेत काम गर्न थालिएको छ । लक्ष्यअनुसार प्रगति हुन नसकेपछि यहाँ दुई 'सिफ्ट'मा काम गर्न थालिएको हो ।

करिब दुई महिनायता काम सुस्त भएपछि गत शुक्रबार भरतपुर महानगरपालिका प्रमुख रेनु दाहालसहित महानगरका जनप्रतिनिधि एवं कर्मचारी र निर्माण कम्पनीबीच कामलाई तीव्रता दिने सहमति भएको थियो । यससँगै मजदुर थप गरेर रातिको समयमा काम थालिएको हिमालयन कालिञ्चोक बिबिआर जेभीका सञ्चालक विकास गौतमले जानकारी दिनुभयो । हाल बिहान ७ देखि राति १० बजेसम्म १४० भन्दा बढी मजदुरले काम गरिरहेका र यो सङ्ख्या २०० भन्दा बढी पुग्ने उहाँले बताउनुभयो ।

"असारसम्म ४० प्रतिशत काम गर्नेगरी जनशक्ति परिचालन गर्न थालिएको छ । हाल भौतिक प्रगति २० प्रतिशत हाराहारी रहेको छ । प्याराफिटहरूमा सेन्टिङका काम भइरहेकाले छिट्टै प्रगति देखिने छ । यसअघि आवश्यक रड र सिमेन्ट समयमा पाउन नसक्दा समस्या भएको थियो", सञ्चालक गौतमले भन्नुभयो ।

महानगरपालिकाका उपप्रमुख चित्रसेन अधिकारीसहित निर्माण हेर्ने कर्मचारी लिएर रङ्गशाला पुग्नुभएकी



महानगर प्रमुख दाहालले निर्माण कम्पनीलाई कुनै समस्या भए सहजीकरण गर्न महानगर तयार रहेको भन्दै ढिलासुस्ती नगर्न आग्रह गर्नुभएको थियो । उहाँले चालु आर्थिक वर्षका लागि प्राप्त बजेट नै 'फ्रिज' हुनसक्नेतर्फ सचेत रहन आग्रह गर्नुभएको थियो । सङ्घीय सरकारले रु २५ करोड र बागमती प्रदेश सरकारले रु १० करोड रङ्गशाला निर्माणका लागि बजेट निकासा गरिसकेको छ । बजेट सुनिश्चित र निकासाका लागि निकै मेहनत गर्नुपरेको भन्दै दाहालले लक्ष्यअनुसार काम गर्न आग्रह गर्नुभएको थियो ।

महानगरले गौरवको आयोजनाका रूपमा प्राथमिकतामा राखेर रङ्गशाला निर्माण गरिरहेको छ । रङ्गशालाको प्यारापिट र भिआइपी टावर निर्माणको काम भइरहेको छ ।

**शारदा डिस्टिलरी प्रा.लि.**
**गोलबजार न.पा.-९ (सिरहा)**
**फोन नं.: ०३३-५५००३५, ५५००२७**

**मूल्य सूची**

**प्रकाशित मिति : २०८२/०२/१७**

यस उद्योगबाट उत्पादित ५० यू.पी. शक्तिको मदिरा आ.व. २०८२।२०८३ सालका लागि संसोधित मूल्य प्रकाशित भएको मिति देखि लागु हुने गरी अर्को मूल्य सुचि प्रकाशित नहुन्जेल सम्म निम्न बमोजिमको मूल्यमा बिक्री वितरण हुने हुदा सबैको जानकारीको लागि प्रकाशित गरिएको छ ।

| क्र.सं. | ब्राण्डको नाम | मि.लि. लिटर | यू.पी. V/V शक्ति | वितरक मूल्य मू.अ.क. समेत Ex factory | वितरक कमिशन मू.अ.क. समेत | डिलर मूल्य मू.अ.क. समेत | डिलर कमिशन मू.अ.क. समेत | थोक मूल्य मू.अ.क. समेत | थोक बिक्रेता कमिशन मू.अ.क. समेत | खुद्रा बिक्रेतामूल्य म.अ.क. समेत | खुद्रा बिक्रेता कमिशन मू.अ.क. समेत | उपभोक्ता मूल्य मु.अ.क. समेत प्रति कार्टुन | उपभोक्ता मूल्य मु.अ.क. समेत प्रति बोतल |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Sahasi premium | 180 ml | 50 up | 6215.00 | 45.20 | 6260.20 | 135.60 | 6395.80 | 135.60 | 6531.40 | 216.96 | 6748.36 | 140.59 |
| 2 | Sahasi Dudhiya | 180 ml | 50 up | 6215.00 | 45.20 | 6260.20 | 135.60 | 6395.80 | 135.60 | 6531.40 | 216.96 | 6748.36 | 140.59 |
| 3 | Sahasi Extradry | 180 ml | 50 up | 6215.00 | 45.20 | 6260.00 | 135.60 | 6395.80 | 135.60 | 6531.40 | 216.96 | 6748.36 | 140.59 |
| 4 | Chansller premium | 180 ml | 50 up | 5999.17 | 45.20 | 6044.37 | 135.60 | 6179.97 | 135.60 | 6315.57 | 216.96 | 6532.53 | 136.09 |
| 5 | Chansller Dudhiya | 180 ml | 50 up | 5999.17 | 45.20 | 6044.37 | 135.60 | 6179.97 | 135.60 | 6315.57 | 216.96 | 6532.53 | 136.09 |
| 6 | Chansller Extradry | 180 ml | 50 up | 5999.17 | 45.20 | 6044.37 | 135.60 | 6179.97 | 135.60 | 6315.57 | 216.96 | 6532.53 | 136.09 |
| 7 | Sahasi premium extradry | 180 ml | 50 up | 6215.00 | 45.20 | 6260.20 | 135.60 | 6395.80 | 135.60 | 6531.40 | 216.96 | 6748.36 | 140.59 |
| 8 | Chansller premium Extradry | 180 ml | 50 up | 5999.17 | 45.20 | 6044.37 | 135.60 | 6179.97 | 135.60 | 6315.57 | 216.96 | 6532.53 | 136.09 |
| 9 | Fauji Extra fine | 180 ml | 50 up | 6215.00 | 45.20 | 6260.20 | 135.60 | 6395.80 | 135.60 | 6531.40 | 216.96 | 6748.36 | 140.59 |
| 10 | Jameen xxx | 180 ml | 50 up | 5999.17 | 45.20 | 6044.37 | 135.60 | 6179.97 | 135.60 | 6315.57 | 216.96 | 6532.53 | 136.09 |
| 11 | Jameen premium Extradry | 180 ml | 50 up | 5999.17 | 45.20 | 6044.37 | 135.60 | 6179.97 | 135.60 | 6315.57 | 216.96 | 6532.53 | 136.09 |
| 12 | Jameen Dudhiya best quality | 180 ml | 50 up | 5999.17 | 45.20 | 6044.37 | 135.60 | 6179.97 | 135.60 | 6315.57 | 216.96 | 6532.53 | 136.09 |
| 13 | Surahi xxx | 180 ml | 50 up | 5999.17 | 45.20 | 6044.37 | 135.60 | 6179.97 | 135.60 | 6315.57 | 216.96 | 6532.53 | 136.09 |
| 14 | Surahi dudhiya best quality | 180 ml | 50 up | 5999.17 | 45.20 | 6044.37 | 135.60 | 6179.97 | 135.60 | 6315.57 | 216.96 | 6532.53 | 136.09 |
| 15 | Surahi premium extradey | 180 ml | 50 up | 5999.17 | 45.20 | 6044.37 | 135.60 | 6179.97 | 135.60 | 6315.57 | 216.96 | 6532.53 | 136.09 |
| 16 | Chanller black label | 180 ml | 50 up | 5999.17 | 45.20 | 6044.37 | 135.60 | 6179.97 | 135.60 | 6315.57 | 216.96 | 6532.53 | 136.09 |
| 17 | Chansller | 180 ml | 50 up | 5999.17 | 45.20 | 6044.37 | 135.60 | 6179.97 | 135.60 | 6315.57 | 216.96 | 6532.53 | 136.09 |
| 18 | Sahasi apple | 180 ml | 50 up | 6215.00 | 45.20 | 6260.20 | 135.60 | 6395.80 | 135.60 | 6531.40 | 216.96 | 6748.36 | 140.59 |
| 19 | Target $ target apple | 180 ml | 50 up | 6215.00 | 45.20 | 6260.20 | 135.60 | 6395.80 | 135.60 | 6531.40 | 216.96 | 6748.36 | 140.59 |

**नोट**: ढुवानी खर्च वाहेक
रेक्टिफाइड स्प्रीट (अन्तःशुल्क र मु.अ.कर बाहेकको : ११५।०० डिनेचर्ड स्प्रीट : ३५।००)

# कञ्चनपुरमा आठ आयोजनालाई बजेटमा प्राथमिकता



कञ्चनपुर । कञ्चनपुरमा सातवटा आयोजनाका लागि बजेट सुनिश्चित भई कार्य अगाडि बढ्ने भएको छ। बिहीबार सङ्घीय संसद्को संयुक्त बैठकमा उपप्रधानमन्त्री एवं अर्थमन्त्री विष्णुप्रसाद पौडेलद्वारा प्रस्तुत आर्थिक वर्ष २०८२/८३ को बजेट वक्तव्यमा सातवटा आयोजनालाई प्राथमिकतमा राखेर बजेट विनियोजन गर्नुभयो।

प्रस्तुत बजेटअनुसार निजी तथा पर्यटन बोर्डको सहकार्यमा दैजी-छेला औद्योगिक क्षेत्र निर्माणकार्य अगाडि बढाइने भएको छ । पर्यटकीय क्षेत्रको प्रवर्द्धन गर्न शुक्लाफाँटा-खप्तड पदयात्रा सञ्चालन गरिने, दोधारा-चाँदनीमा सुक्खा बन्दरगाह निर्माणको कार्यलाई अगाडि बढाइने, पूर्वपश्चिम राजमार्गको गड्डाचौकी-अत्तरिया सडकखण्डकोस्तरोन्नतिकोकार्यसँगै महाकाली करिडोरअन्तर्गत ब्रम्हदेव-भुलाघाट-तुसारपानी खण्डको स्तरोन्नति गरिने भएको छ।

पूर्वपश्चिम राजमार्गको गड्डाचौकी-अत्तरिया सडकखण्डको स्तरोन्नतिका लागि रु २१ अर्ब १९ करोड विनियोजन गरिएको छ। कञ्चनपुर, कैलाली, बाँके, बर्दिया, दाङलगायत थारू समुदायमा गम्भीर स्वास्थ्य समस्याका रूपमा रहेको सिकलसेल एनेमिया रोगको निदान तथा उपचारका लागि नवीनतम प्रविधि अवलम्बन गरिने भएको छ।

महाकाली सिँचाइ आयोजनाको तेस्रो चरणको कार्य तीन वर्षभित्र पूरा गरिने भएको छ। सडकखण्डको स्तरोन्नतिको कार्य अगामी आवदेखि सञ्चालन गरिने भएको छ । बजेटमा भूमिसम्बन्धी कानुन संशोधन गरी भूमिहीन दलित, सुकुम्बासी र अव्यवस्थित बसोवासीका समस्या समाधान स्थायी रूपमा गरिने भएको छ।

आगामी आर्थिक वर्षभित्र लगत सङ्कलन र प्रमाणीकरण गरी पाँच लाख परिवारलाई जग्गाधनी दर्ता प्रमाणपूर्जा उपलब्ध गराइने छ। यसका लागि स्रोत, साधन र जनशक्तिको अभाव हुन नदिइने बजेट वक्तव्यमा भनिएको छ। कञ्चनपुरमा भूमि आयोगमा पदाधिकारीको पदपूर्ति गरी जग्गा नापजाँचको काम भइरहेको छ । दोधारा-बरेली ४०० केभी क्षमताको राष्ट्रिय तथा अन्तरदेशीय प्रसारण लाइनको निर्माण अगाडि बढाइने छ।

कञ्चनपुरमा निर्माणाधीन अवस्थामा रहेको हुलाकी राजमार्ग दुई वर्षभित्रै निर्माण पूरा गरिसक्ने गरी बजेट विनियोजन गरिएको छ । बजेटबारे प्रतिक्रिया दिँदै पूर्वसंविधानसभा सदस्य कृपाराम रानाले संसद्को संयुक्त बैठकमा प्रस्तुत बजेट सन्तुलित रूपमा आएको बताउनुभयो । "बजेट नै एक्सन ओरेन्टेड छ", उहाँले भन्नुभयो, "विगतमा नीतिगत रूपमा मात्र बजेट आउँथ्यो, काम अगाडि बढ्दैनथे, अहिलेको बजेट कार्यान्वयन हुनेमा विश्वस्त छु।"

दैजी-छेला औद्योगिक क्षेत्रको काम अगाडि बढ्नुपर्ने उल्लेख गर्नुहुँदै उहाँले औद्योगिक क्षेत्रको काम ढिलो नगरी छिटो अगाडि बढ्नुपर्छ, बजेटमा सम्बोधन भएकाले काम अगाडि बढ्ने विश्वास रहेको बताउनुभयो।

सुदूरपश्चिम विश्वविद्यालयका प्राध्यापक तथा व्यवस्थापन सङ्कायका पूर्वडिन डा भारती जोशीले बजेट ल्याएर मात्र नहुने भएकाले कार्यान्वयन पक्षलाई प्रभावकारी बनाइनुपर्ने बताउनुभयो। पुरानै बजेटको निरन्तरताका रूपमा बजेट आएको उहाँले बताउनुभयो। "पुँजीगत खर्च बढी भए मात्र विकासले गति लिन्छ", उहाँले भन्नुभयो, रोजगारीका अवसर सृजना हुन्छन्, देश आर्थिक समृद्धितर्फ जान्छ।"रासस

# संरक्षणको पर्खाइमा फलाम खानी




भोजपुर । नेपाल खनिज पदार्थको राम्रो सम्भावना बोकेको देश हो । देशका धेरै ठाउँमा फलाम खानी रहेका छन्। कतिपय फलामलगायतका खनिज उद्योगहरु सञ्चालनपश्चात् बन्द भएका पनि छन् । आफ्नै देशमा रहेका फलाम खानी बन्द हुँदा बाह्य मुलुकबाट फलाम आयात गर्नुपर्ने देशको बाध्यात्मक अवस्था छ। यस्तै चपेटामा परेको छ भोजपुर जिल्लाको टेम्केमैयुङ गाउँपालिका-९ मा रहेको 'सेल्मे फलाम खानी'।

विसं २०१३ सम्म सञ्चालनमा रहेको सेल्मे फलाम खानी अहिले बन्द छ । करिब १५० वर्षको इतिहास बोकेको यो खानी अहिले बन्द अवस्था छ। बन्द भएको लामो समयपछि अहिले यो फलाम खानी सञ्चालनका लागि राज्यले ध्यान दिनुपर्नेमा स्थानीयवासीले माग गरेका छन् । दशकौँ अघिसम्म यहाँका कालिगडले यहीँ उत्पादन भएको फलामबाट सामग्रीहरु बनाउँदै आएका थिए । यहाँको फलाम खानी बन्द भएपछि अन्यत्रबाट ल्याइएको फलाममा निर्भर बन्नुपर्ने अवस्था रहेको स्थानीय कालीगडहरु बताउँछन्। राज्यले आवश्यक सम्भावनाको खोज अनुसन्धान गरेर यहाँको खानी सञ्चालन गरिदिए सहजता हुने उनीहरुको भनाइ छ।

सेल्मे फलाम खानी सञ्चालनमा ल्याउन राज्यले ध्यान दिनुपर्ने स्थानीयले माग गरेका छन् । तत्कालीन समयमा जिल्लासँगै बाह्य जिल्लामासमेत यहाँबाट निकालिएको फलाम निर्यात हुने गरेको स्थानीय जानकारहरु बताउने गर्दछन् । सेल्मे फलाम खानी ऐतिहासिक फलाम खानी रहेकोले राज्यले आवश्यक अध्ययन गरेर उत्खनन्का लागि पहल गर्नुपर्ने स्थानीय कालीगड मनकुमार विश्वकर्मा बताउनुहुन्छ। सेल्मेको फलाम उत्कृष्ट मानिने उहाँको भनाइ छ । यहाँको फलाम खानीलाई सञ्चालनमा ल्याउनसके स्थानीयको आर्थिक अवस्थामासमेत सुधार आउने विश्वकर्माको भनाइ छ । "राज्यले सेल्मे फलाम खानीको सञ्चालनका लागि अध्ययन अनुसन्धान गर्न आवश्यक छ", उहाँले भन्नुभयो । यहाँ फलाम उत्खनन गरिएका खाल्डाहरुसँगै फलामका धाउ तथा किट अहिले पनि देख्न सकिन्छ । यहाँको फलामलाई निकै उत्कृष्ट फलामका रुपमा लिइन्छ। यहाँका फलामबाट सयौँ वर्षअघि निर्माण गरिएका सामग्री अहिले पनि गाउँघरमा पाइन्छ।

> देशकै सम्पत्तिका रुपमा रहेको सेल्मे फलाम खानीलाई सञ्चालनका लागि राज्यले ध्यान दिन जरुरी रहेको वडाध्यक्ष माङ्गपाहाङ्गले बताउनुभयो । यो फलाम खानी सञ्चालनको लागि प्रदेश सरकार र केन्द्र सरकारले ध्यान दिन आवश्यक रहेको वडाध्यक्ष माङ्गपाहाङ्को भनाइ छ ।

अग्रजहरुले यहीँको फलाम प्रयोग गरेर कालीगड पेसा गरिरहेको भए पनि अहिलेको पुस्ताले बाहिरको फलाम खरिद गरेर पेसा धान्नुपर्ने अवस्था रहेको विश्वकर्मा बताउनुहुन्छ । सेल्मे गाउँका धेरैले व्यावसायिक रुपमा कालीगड पेसा गर्दै आएको भए पनि विभिन्न समस्याका कारण पेसा छोड्नेको सङ्ख्या बढ्दै भएको उहाँको भनाइ छ। यो खानी सञ्चालन भए स्थानीयस्तरमा रोजगारीको सिर्जना हुने उहाँको भनाइ छ।

सेल्मेमा उत्खनन गरिएको फलाम निकै उत्कृष्ट रहेकाले अहिले पनि गाउँघरमा यहाँका फलामबाट निर्माण गरिएका सामग्री पाउन सकिने स्थानीय कालीगड हर्कराज विश्वकर्माले बताउनुभयो। आफ्ना पुर्खाले यही नै फलाम उत्खनन गरेर आवश्यक सामग्री निर्माण गर्ने गरेको उहाँको भनाइ छ।

भोजपुरे खुकुरी भोजपुरको गौरव रहेकाले यहीँको फलामको प्रयोग गरेर उद्योग सञ्चालन गर्न सकिने अर्का कालीगड तीर्थकुमार विश्वकर्माको भनाइ छ। यहीँको फलाम प्रयोग गरेर खुकुरी बनाउन सके भोजपुरको पहिचानलाई विश्वसम्म पुर्‍याउनमा सहयोग पुग्ने उहाँको धारणा छ। "भोजपुर खुकुरीले चिनिएको जिल्ला हो", उहाँले भन्नुभयो, "यहाँ धेरै प्रकारका भोजपुरे खुकुरी बन्छन्। विडम्बना यहाँको फलाम खानी बन्द हुँदा आयातित फलामबाट बनाउनुपर्ने अवस्था छ। यहिको फलामबाट बनाउने हो भने यसले छुट्टै महत्व झल्काउने थियो।"

सेल्मे क्षेत्रका करिब नौ परिवारले अहिले पनि व्यावसायिक रुपमा कालीगड पेसा गरिरहेका छन् । "बाजेबराजुले यहिको फलामबाट आरन उद्योग सञ्चालन गर्नु हुन्थ्यो", उहाँले भन्नुभयो, "हाम्रो पालोमा आउँदा खानी बन्द भएको अवस्था छ।"

तीन/चार पुस्ताअघि अर्थात् करिब १५० वर्षअघिदेखि फलाम खानी सञ्चालन भएको र करिब २०१३ सालसम्म सञ्चालनमा रहेको वडाध्यक्ष नभराज माङ्गपाहाङ्गले बताउनुभयो। उहाँका अनुसार यहाँको सेल्मे, देवी खोला, छोक्लालगायत स्थानमा फलामको धाउ पाइन्छ। सेल्मे क्षेत्रमा रहेको फलाम खानीलाई पुनःसञ्चालन गर्न सकिएमा हजारौँलाई रोजगारी दिन सकिने सम्भावना रहेको उहाँको भनाइ छ । अहिले पनि यहाँको फलामबाट बनेका खुकुरी, कृषि औजार, कट्टी, खुर्पालगायतका साम्रगी गाउँघरमा भेटिन्छ।"

देशकै सम्पत्तिका रुपमा रहेको सेल्मे फलाम खानीलाई सञ्चालनका लागि राज्यले ध्यान दिन जरुरी रहेको वडाध्यक्ष माङ्गपाहाङ्गले बताउनुभयो । यो फलाम खानी सञ्चालनको लागि प्रदेश सरकार र केन्द्र सरकारले ध्यान दिन आवश्यक रहेको वडाध्यक्ष माङ्गपाहाङ्को भनाइ छ। "

यो खानी सञ्चालनका लागि वडा तहबाट काम गर्न सकिने अवस्था छैन", उहाँले भन्नुभयो, "हाम्रो तहबाट राज्यको निकायमा यहाँको सम्भावनाको विषयमा जानकारी गराइरहेका छौँ । यसलाई सञ्चालनमा ल्याउनसके भोजपुरको मात्र नभएर देशको आर्थिक अवस्थामा टेवा पुग्ने देखिन्छ।"रासस

# आठ महिनामा १३ विदेशी पर्यटकको मृत्यु



सोलुखुम्बु । पछिल्लो आठ महिनामा खुम्बु क्षेत्रमा १३ विदेशी पर्यटकले भवितव्यमा परी ज्यान गुमाएका छन् । जिल्ला प्रहरी कार्यालयको तथ्याङ्कअनुसार गत वर्षको असोजदेखि यही जेठ ४ गतेको अवधिमा खुम्बु क्षेत्रमा उक्त संख्यामा विदेशी पर्यटकको मृत्यु भएको हो।

जिल्ला प्रहरीका सूचना अधिकारी विकास राईका अनुसार मृत्यु भएकामध्ये अधिकांशको लेक लागेर, मुटुसम्बन्धी समस्या र मौसमको प्रतिकूलता देखिएको छ। मृत्यु हुने पर्यटकहरु जापान, अष्ट्रेलिया, भारत र सिङ्गापुरका दुई/दुई जना, रोमानिया, चीन, बेल्जियम, मलेसिया र फिलिपिन्सका एक/एक जना छन् । उनीहरूको उमेर समूह ३० देखि ६५ वर्ष छ। जिल्ला प्रहरीका प्रहरी नायब उपरीक्षक मनोवत कुँवरका अनुसार मृत्यु भएकामध्ये छ जनाको हिमाल आरोहणका क्रममा मृत्यु भएको हो।

जसमा सगरमाथा आरोहणका क्रममा फिलिपिन्स र भारतका एक/एक आरोहीले ज्यान गुमाएका छन् भने ल्होत्सेमा भारत र रोमानियाका आरोहीले ज्यान गुमाएका छन्। मेरा पिकमा एक जना बेल्जियमका नागरिक र आमादब्लम आरोहणका क्रममा एक अष्ट्रेलियन नागरिकले ज्यान गुमाए।

**खुम्बु क्षेत्रको सौन्दर्य र चुनौती**

खुम्बु क्षेत्र विश्वभरका पर्यटकको सपनाको गन्तव्य हो । सगरमाथा मात्र नभई यहाँका सम्पूर्ण हिमाली भूभाग, ल्होत्से, नुप्त्से, आमादब्लम, थामसेर्कु, खाङ्तेका, चोयुजस्ता हिमशृङ्खलाहरूले यो क्षेत्र मनमोह छ। यहाँका गाउँघर, शेर्पा समुदायको संस्कृति, उनीहरूको धार्मिक आस्था र हिमाली जीवनशैलीले पनि पर्यटकलाई आकर्षित गर्छ । सगरमाथा राष्ट्रिय निकुञ्जभित्र पर्ने यो क्षेत्र युनेस्कोद्वारा विश्वसम्पदा सूचीमा सूचीकृत छ।

जसका कारण हरेक वर्ष हजारौँ पर्यटकले खुम्बु क्षेत्र भ्रमण गर्छन्। तर खुम्बु क्षेत्रमा जोखिम पनि उत्तिकै छ । लेक लाग्ने, चिसो मौसम, अक्सिजनको कमी, हिमपहिरो र स्वास्थ्यसम्बन्धी अन्य समस्याले पर्यटकहरुले ज्यान गुमाउने सगरमाथा आरोही विजय विश्वकर्माले बताउनुभयो। उहाँले भन्नुभयो, "हिमाल घुम्नु जति आनन्द छ त्यतिकै चुनौती पनि छ, यही सिजनमा सगरमाथा आरोहण गर्दा म आफैँ पनि दुर्घटनामा परेँ, सगरमाथाको तेस्रो शिविर माथिबाट खसेको आइसको डल्लाले लागेर मेरो टाउकामा आठ टाँका लगाउनुपर्‍यो।"

पर्यटन व्यवसायीहरूले प्रत्येक पर्यटकीय याम सुरु हुनुअघि स्वास्थ्य परीक्षण, उचाइमा हिँड्न आवश्यक तालिम र सचेतना कार्यक्रम गर्नुपर्ने आवाज उठाउँदै आएका छन् ।रासस

# कुखुरापालन व्यवसायबारे छलफल

चितवन। नेपाल र भारतका विज्ञहरुबीच कुखुरापालन व्यवसायबारे छलफल भएको छ। यहाँ आयोजित 'सुदृढ पोल्ट्री उद्योग र दिगो विकास तथा आर्थिक सफलता' विषयमा छलफल गरिएको हो।

भारतको पोल्ट्री रिभ्यू र नेपाल भेटेनरी पोल्ट्री एसोसिएसनको संयुक्त आयोजनामा भएको गोष्ठीमा नेपाल र भारतका सात विज्ञहरुले कार्यपत्र प्रस्तुत गर्नुभएको थियो। कृषि तथा वन विज्ञान विश्वविद्यालयका प्रा डा सुविर सिंहका अनुसार भारतका पाँच र नेपालका दुई पोल्ट्री क्षेत्रमा विशेषज्ञता हासिल गर्नुभएका विषय विज्ञहरुले कार्यपत्र प्रस्तुत गर्नुभएको थियो।

नेपाल र भारतका १०३ वैज्ञानिक, उद्यमी, शिक्षाविद् र नीति निर्माता सहभागी भएको उक्त कार्यक्रममा 'नेपालमा पोल्ट्री उद्योगः अनिश्चिचताबीचको सम्भावना' विषयमा डा दिनेश गौतम र प्रा डा सिंहले नेपालको पोल्ट्री व्यवसायका अवसर र चुनौतीबारे विश्लेषण गर्नुभएको थियो। सो अवसरमा प्रा डा ए एस राणादेले वातावरणमैत्री फिड प्रविधिको विकास र प्रभावका बारेमा प्रकाश पार्नुभएको थियो ।रासस


**शारदा डिस्टिलरी प्रा.लि.**

**गोलबजार न.पा.-९ (सिरहा)**

**फोन नं.: ०३३-५५००३५, ५५००२७**

**मूल्य सूची**

**प्रकाशित मिति : २०८२/०२/१७**

यस उद्योगबाट उत्पादित ४० यू.पी. र ७० यू.पी. शक्तिको मदिरा आ.व. २०८२।२०८३ सालका लागि संसोधित मूल्य प्रकाशित भएको मिति देखि लागु हुने गरी अर्को मूल्य सुचि प्रकाशित नहुन्जेल सम्म निम्न बमोजिमको मूल्यमा बिक्री वितरण हुने हुदा सबैको जानकारीको लागि प्रकाशित गरिएको छ।

| क्र. सं. | ब्राण्डको नाम | मि.लि. लिटर | यू.पी. V/V शक्ति | वितरक मूल्य मू.अ.क. समेत Ex factory | वितरक कमिशन मू.अ.क. समेत | डिलर मूल्य मू.अ.क. समेत | डिलर कमिशन मू.अ.क. समेत | थोक मूल्य मू.अ.क. समेत | थोक बिक्रेता कमिशन मू.अ.क. समेत | खुद्रा बिक्रेतामूल्य मु.अ.क. समेत | खुद्रा बिक्रेता कमिशन मू.अ.क. समेत | उपभोक्ता मूल्य मु.अ.क. समेत प्रति कार्टुन | उपभोक्ता मूल्य मु.अ.क. समेत प्रति बोतल |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Touch gold premium | 750 ml<br>375 ml<br>180 ml | 40 up<br>40 up<br>40 up | 8429.80<br>8429.80<br>8591.39 | 45.20<br>45.20<br>45.20 | 8475.00<br>8475.00<br>8636.59 | 135.60<br>135.60<br>135.60 | 8610.60<br>8610.60<br>8772.19 | 135.60<br>135.60<br>135.60 | 8746.20<br>8746.20<br>8907.79 | 259.90<br>259.90<br>259.90 | 9006.10<br>9006.10<br>9167.69 | 750.51<br>375.25<br>190.99 |
| 2 | Tofan ,major,-shooter,Gaurav anguri, status,sahila,sharda dhudhiya, r/c premium O/c premium | 750 ml<br>375 ml<br>180 ml | 40 up<br>40 up<br>40 up | 8429.80<br>8429.80<br>8591.39 | 45.20<br>45.20<br>45.20 | 8475.00<br>8475.00<br>8636.59 | 135.60<br>135.60<br>135.60 | 8610.60<br>8610.60<br>8772.19 | 135.60<br>135.60<br>135.60 | 8746.20<br>8746.20<br>8907.79 | 259.90<br>259.90<br>259.90 | 9006.10<br>9006.10<br>9167.69 | 750.51<br>375.25<br>190.99 |
| 3 | Red night premium, Red night extra dry | 750 ml<br>375 ml<br>180 ml | 40 up<br>40 up<br>40 up | 8767.67<br>8767.67<br>8872.76 | 45.20<br>45.20<br>45.20 | 8812.87<br>8812.87<br>8917.96 | 135.60<br>135.60<br>135.60 | 8948.47<br>8948.47<br>9053.56 | 135.60<br>135.60<br>135.60 | 9084.07<br>9084.07<br>9189.16 | 259.90<br>259.90<br>259.90 | 9343.97<br>9343.97<br>9449.06 | 778.66<br>389.33<br>196.86 |
| 4 | Royal touch premium Extra dry | 750 ml<br>375 ml<br>180 ml | 40 up<br>40 up<br>40 up | 8767.67<br>8767.67<br>8872.76 | 45.20<br>45.20<br>45.20 | 8812.87<br>8812.87<br>8917.96 | 135.60<br>135.60<br>135.60 | 8948.47<br>8948.47<br>9053.56 | 135.60<br>135.60<br>135.60 | 9084.07<br>9084.07<br>9189.16 | 259.90<br>259.90<br>259.90 | 9343.97<br>9343.97<br>9449.06 | 778.66<br>389.33<br>196.86 |
| 5 | Royal touch premium | 750 ml<br>375 ml<br>180 ml | 40 up<br>40 up<br>40 up | 8767.67<br>8767.67<br>8872.76 | 45.20<br>45.20<br>45.20 | 8812.87<br>8812.87<br>8917.96 | 135.60<br>135.60<br>135.60 | 8948.47<br>8948.47<br>9053.56 | 135.60<br>135.60<br>135.60 | 9084.07<br>9084.07<br>9189.16 | 259.90<br>259.90<br>259.90 | 9343.97<br>9343.97<br>9449.06 | 778.66<br>389.33<br>196.86 |
| 6 | Gaurav suntala, Gaurav apple | 300 ml | 70 up | 1188.76 | 11.30 | 1200.06 | 33.90 | 1233.96 | 33.90 | 1267.86 | 135.60 | 1403.46 | 46.78 |
| 7 | Gaurav sophi,Gaurav milky dhudhiya | 300 ml | 70 up | 1171.81 | 11.30 | 1183.11 | 33.90 | 1217.01 | 33.90 | 1250.91 | 135.60 | 1386.51 | 46.22 |
| 8 | Mitju sophi | 300 ml | 70 up | 1154.86 | 11.30 | 1166.16 | 33.90 | 1200.06 | 33.90 | 1233.96 | 135.60 | 1369.56 | 45.65 |
| 9 | Mitju special | 300 ml | 70 up | 1154.86 | 11.30 | 1166.16 | 33.90 | 1200.06 | 33.90 | 1233.96 | 135.60 | 1369.56 | 45.65 |
| 10 | Gaurav special | 300 ml | 70 up | 1217.01 | 11.30 | 1228.31 | 33.90 | 1262.21 | 33.90 | 1296.11 | 135.60 | 1431.71 | 47.72 |

**नोट**: ढुवानी खर्च वाहेक



**राजर्षि जनक विश्वविद्यालय**

**केन्द्रीय परीक्षा संचालन तथा अभिलेख केन्द्र**

**जनकपुरधाम, नेपाल**

**प्रथम दीक्षान्त समारोह (२०८१) मा भाग लिन Offline वा Online आवेदन फाराम भर्ने सूचना ।**

**(वि.स. २०८२ साल जेष्ठ ०५ गते सम्ममा सेमेष्टर परीक्षा प्रणाली अनुसार स्नातक तथा स्नातकोत्तर तह उत्तीर्ण गरी ट्रान्सकृप्ट लिएका विद्यार्थीहरु र सोही अवधि भित्र तह पूरा गर्नेहरुले मात्र फाराम भर्न पाउने।)**

राजर्षि जनक विश्वविद्यालयद्वारा मिति २०८२ जेष्ठ २७ गते आयोजना गरिने प्रथम दीक्षान्त समारोहमा भाग लिन माथि उल्लेख भए बमोजिमका तह उत्तिर्ण गरी ट्रान्सकृप्ट लिइसकेका इच्छुक विद्यार्थीहरुले रा.ज.वि. केन्द्रीय परीक्षा संचालन तथा अभिलेख केन्द्र, जनकपुरधाममा मिति २०८२ जेष्ठ २० गते सम्म आइपुग्ने गरी निम्न अनुसार रित पुऱ्याई अफलाइन/अनलाइन आवेदन दिनहुन सम्बन्धित सबैको जानकारीको लागि यो सुचना प्रकाशित गरीएको छ।

- आवेदन फाराम मिति २०८२ साल जेष्ठ १४ गते देखि अफलाइन/अनलाइन भर्न सकिन्छ।
- रा.ज.वि. केन्द्रीय परीक्षा संचालन तथा अभिलेख केन्द्रको website: Convocation.rjuexam.edu.np मा गई अनलाइन फारम भर्न सकिनेछ।
- मिति २०८२ जेष्ठ २० गते देखि सो अनलाइन फारम बन्द हुनेछ।
- आवेदन फारम अनलाइन भर्दा आवेदन फारमका साथ एम. आर.पि. साइजको फोटो, नागरिकताको प्रमाणपत्र र आफूले तह पार गरेको ट्रान्सकृप्टको Scan Copy अनिवार्य रुपमा upload गर्नुपर्नेछ।
- Online आवेदन submit गर्दा प्राप्त सम्पूर्ण PDF documents हरु print गरी सुरक्षित राख्नु पर्नेछ। दीक्षान्त समारोह सम्बन्धि विस्तृत कार्यक्रमको सूचना प्रकाशित भए पश्चात गाउन, स्कार्फ आदि लिन आउँदा सो documents केन्द्रीय परीक्षा संचालन तथा अभिलेख केन्द्रको तोकिएको शाखामा पेश गरी कार्यालयको छाप लगाई सुरक्षित राख्नु पर्नेछ।
- शुल्क विवरण :

| तह | दीक्षान्त तथा प्रमाणपत्र शुल्क | गाउन/स्कार्फ धरौटी | जम्मा |
|---|---|---|---|
| स्नातक | २५००/- | १५००।- | ४०००/- |
| स्नातकोत्तर | ३०००/- | १५००/- | ४५००/- |

- दीक्षान्त समारोहमा दुई जना सम्म अभिभावक सरिक गराउन सकिनेछ। अभिभावक सरिक गराउने भएमा थप रु.३००।- (फिर्ता नहुने) प्रति अभिभावकका दरले शुल्क लाग्नेछ।
- दीक्षान्त समारोह सम्बन्धि विस्तृत जानकारी केन्द्रीय परीक्षा संचालन तथा अभिलेख केन्द्रको website: convocation.rjuexam.edu.np मा हेर्न सकिनेछ।

**द्रष्टव्य** :

- धरौटी रकमबाट रु.३००।- गाउन स्कार्फ आदिको Maintenance charge कट्टा गरिनेछ। दीक्षान्त समारोहको एक वर्ष भित्र आ-आफ्नो मूल प्रमाणपत्र लिई सक्नु पर्नेछ अन्यथा रा.ज.वि. नियमानुसार थप जरिवाना शुल्क लाग्नेछ।
- बैंकको विवरण :

**बैंकको नाम** : राष्ट्रिय वाणिज्य बैंक, शाखा कार्यालय पिडारी चौक, जनकपुरधाम।

**खाताको नाम**: केन्द्रीय परीक्षा संचालन तथा अभिलेख केन्द्र।

**खाता नं**. च.हि.नं. १५२०१०००००२७१९००१

**नियन्त्रक**

# नेपाली रेल्वे मर्मतमा लगिँदै, विकल्पमा भारतीय रेल आयो

**टुडे समाचारदाता**

जनकपुरधाम । नेपालको आफ्नो दुई सेट डेमु रेल सञ्चालनमा आएको करिब चार वर्षपछि मर्मतका लागि भारत लगिने भएको छ । नेपाली रेल्वे मर्मतमा गएपछि त्यस अवधिमा भारतले रेल्वेको एक सेट नेपाल पठाइसकेको जनाइएको छ ।

आइतबार मर्मतका लागि नेपालका दुबै सेट नेपाल रेल्वे भारतको उत्तर प्रदेशस्थित लखनउ पठाइने भएको छ । नेपाल रेल्वे कम्पनीका प्रबन्ध सञ्चालक निरञ्जन झाले दिएको जानकारी अनुसार दुबै सेट रेलको लखनउमा पिरोडिकल ओभरहलिङ( पीओएच) मर्मत हुने भएकोछ ।

नेपाल रेल्वे कम्पनीका निमित्त प्रशासकीय अधिकृत तुला डाँगीले लखनउमा नेपाली रेलको चक्का, इन्जिन, बोगी, सिट लगायतका सबै भागको मर्मत गरिने जानकारी दिए । नेपाली रेलको एसी बोगीको केही सिट च्यातिएको र टुटफुट भएको छ । मर्मतसम्भार भएर आएपछि यी सबै समस्या हट्ने उनले बताए ।




भारतले शुरुमा लखनउसम्म प्रयोग गर्ने रेल रुटको पैसा दाबी गरे पनि पछि रेल्वे रुट, मर्मतसम्भार र मर्मत अवधिमा सञ्चालनका लागि पठाएको एक सेट रेलको पनि पैसा नलाग्ने उनले बताए ।

प्रबन्ध झाले सूचना जारी गरी मर्मतसम्भारको अवधिमा नेपालमा चल्ने भारतीय रेलमा एसी बोगी नरहेको बताए ।

मर्मतसम्भारको अवधिमा नेपालमा सञ्चालनका लागि भारतले आईसीएफ मोडलको सकुरवस्ती रेल बिहीबार नै धनुषाको इनर्वामा पठाइसकेको कम्पनीका निमित्त प्रशासकीय अधिकृत डाँगीले बताए । उनले भारतले पठाएको रेल सिंगल इञ्जिनसहित ६ जनरल बोगी भएको बताए ।

# विद्युतीय शवदाहगृह निर्माणका लागि जनप्रतिनिधिहरुसंग छलफल

**सरोकारवालासंगको छलफलमा वर्तमान स्वर्गद्वारको दोश्रो कितामा विद्युतीय शवदाहगृह यसै आर्थिक वर्षदेखि निर्माण प्रक्रिया अघि बढाइने, यसै साता टेण्डर प्रक्रिया अघि बढाइने र निर्माण भइसकेपछि सम्बन्धित जनकपुरधाम उपमहानगरपालिकालाई हस्तान्तरण गरि कार्यविधि बनाएर स्वर्गद्वार समितिलाई संचालनको जिम्मा दिइने निर्णय गरिएको छ ।**

**टुडे समाचारदाता**

जनकपुरधाम । मधेश प्रदेश सरकारको गौरवको योजनाको रुपमा रहेको विद्युतीय शवदाह गृह निर्माण सन्दर्भमा जनप्रतिनिधि र नागरिक समाजका अगुवासंग छलफल गरिएको छ ।

उर्जा, सिँचाई तथा खानेपानी मन्त्रालयले जनकपुरधामस्थित गंगासागर पोखरीको डिलमा रहेको स्वर्गद्वार छेउमा विद्युतीय शवदाहगृह निर्माण गर्ने योजना रहेको छ । जनकपुरधाममा शुक्रबारसो मन्त्रालयको सरोकारवालासंगको छलफलमा यस्तो यसै आर्थिक वर्षदेखि निर्माण प्रक्रिया अघि बढाइने निर्णय गरिएको छ ।




सरोकारवालासंगको छलफलमा वर्तमान स्वर्गद्वारको दोश्रो कितामा विद्युतीय शवदाहगृह यसै आर्थिक वर्षदेखि निर्माण प्रक्रिया अघि बढाइने, यसै साता टेण्डर प्रक्रिया अघि बढाइने र निर्माण भइसकेपछि सम्बन्धित जनकपुरधाम उपमहानगरपालिकालाई हस्तान्तरण गरि कार्यविधि बनाएर स्वर्गद्वार समितिलाई संचालनको जिम्मा दिइने निर्णय गरिएको छ ।

छलफलमा उर्जा, सिँचाई तथा खानेपानी मन्त्री शेषनारायण यादवले मधेश सरकारको यो गौरवको योजना रहेको र यो शवदाह गृह निर्माणले आम जनतालाई आर्थिक र समयको बचतसंगै वातावरणिय हिसाबले पोलुसन रोक्ने काम समेत गर्ने बताए ।

उनले सो योजनाका लागि जनकपुरधाम उपमहानगरपालिकाका मेयर मनोज कुमार साह र केही वडा अध्यक्षहरुबीच सहमति निर्णय समेत भई सकेकाले निर्माणदेखि संचालनमा कुनै समस्या नहुने दाबी गरे ।

दुई वर्ष भित्रमा इलेक्ट्रिक शवदाह गृह निर्माण हुने छ सो शवदाहगृहको यसै साता टेण्डर निकालिने र निमार्ण लागि मन्त्रालयले ११ करोड रुपैया छुट्याइएको जानकारी मन्त्रालयका सचपव रामुकमार खंगले दिए ।

सो कार्यक्रममा जनकपुरधाम उपमहानगरपालिकाका मेयर मनोजकुमार साहले जनकपुरधाममा विद्युतीय शवदाह गृह निर्माण हुनु ठुलो गौरवको विषय रहेको भन्दै निर्माण सम्पन्न भएपछि तात्कालै कार्यविधि बनाएर स्वर्गद्वारी समितिलाई संचालनको जिम्ममा र आर्थिक कोष स्थापना गरी संचालनमा ल्याइने जानकारी दिए ।

सो शवदाहगृहका लागि अढाई तल्ले भवन निर्माणसहित दुईवटा शवदाह ट्रली बेड, भृञ्चुरी स्क्रबर, वेट स्क्रबर धुँवा निस्किने चिम्नी र अस्थिलाई व्यवस्थापन गर्ने सहितका वातावरणीय संरचना निर्माण गरिने योजना रहेको छ ।

विद्यमान परम्परागत दाहसंस्कार प्रणालीमा आउने कठिनाइ, खर्च र वातावरणीय असरलाई ध्यानमा राखेर इलेक्ट्रिक शवदाह गृहको विकल्प अपनाइएको छ ।

# कारमा ठूलो परिमाणको लागूपदार्थ बरामद

**टुडे समाचारदाता**

बारा । भारतीय नम्बर प्लेटको कारमा ठूलो परिमाणमा लागूपदार्थ बरामद गरिएको बारा प्रहरीले जनाएको छ । बारा प्रहरीले लागूपदार्थ बोकेको कारसहित दुई भारतीय कारोबारीलाई समेत नियन्त्रणमा लिएको छ ।

पक्राउ पर्नेमा भारत भैँसाली ग्राम हुसेनाराके- १२ का २७ वर्षीय धिरजकुमार सिंह र मोतिहारी ग्राम कटगेनवा- १२ का १८ वर्षीय चन्दनकुमार पटेल रहेको बारा प्रहरीले जनाएको छ । उनीहरु दुबै जना भारतबाट कारमा लागुपदार्थ भित्र्याएको अवस्थामा पक्राउ परेको बाराका प्रहरी प्रवक्ता डीएसपी विजयराज पण्डितले जानकारी दिए ।

उनले आरोपित सिंह कारका चालक हुन् भने चन्दन लागुपदार्थ कारोबारी हुन् । बीआर ०१ बीयू ३४८५ नम्बरको भारतीय कारबाट २१ हजार ६०० ट्रमाडोल हाइड्रोक्लोरिड क्याप्सुल र ७६ बोतल ओनरेक्स नामक लागूपदार्थ बरामद भएको छ । उक्त लागूपदार्थ कारको सीटमुनि र ढोकासहितका ठाउँमा लुकाएको अवस्थामा बरामद भएको बारा प्रहरीले जनाएको छ ।

इलाका प्रहरी कार्यालय अमलेखगञ्जको टोलीले भारतबाट छिरेको कारलाई जीतपुर सिमरा उपमहानगरपालिका- २१ मा जेकचाँच गरेको थियो । सो क्रममा कारमा ठूलो परिमाणमा लागूपदार्थ भेटिएपछि चालक र कारोबारीसहित कार नियन्त्रणमा लिएको डीएसपी पण्डितले बताए ।

# नवविवाहिताको हत्या भएको आशंका

**सञ्जय मिश्र**

रौतहट । रौतहटस्थित हातमा मेहंदी, नाकमा सुनको नथिया,गोडामा चाँदीको पाउनु लगायत विभिन्न किसिमका गहना लगाएकी, श्रृंगार बाट सजिएको एक महिलाको हत्या भएको आशंका गरिएको छ ।



फिक्का हरियोमा सेतो बुट्टा भएको कुर्ती सुरूवाल लगाएको, दुबै खुट्टामा सेतो धातु चाँदी जस्तो देखिने पायल (पाउजो) लगाएको, बाँया हातको नाडिको भागमा रातो रङ्गको धागो बाधेको, बाँया हातको औलाको भागमा मेंहदी लगाएको, नाकमा नथिया लगाएको, खुट्टाको औलामा आकाशे रङ्गको नङ्ग पालिस लगाएको, एसटिइपीएजीइ लेखिएको हल्का बैगुनी रंगको लेडिज सेन्डल चप्पल एक जोर, उचाई पाँच फिट दुई इन्च, शारीरिक बनावट पातलो, विशेष पहिचान वर्ण गहु गोरो , रंग अर्थात तराईको नवविवाहताको संकास्पद हत्या भएको आशंका गरिएको हो ।

बिहीबार अपरान्ह जिल्लाको पूर्वीभेग दुर्गाभगवती गाउँपालिका-५ स्थित झाँझ खोलाको झुलुंगे पुलको छेउमा यकिन नाम थर बतन नखुलेको वर्ष २०/२५ को नवविवाहिता महिलाको शव झाडीमा घोप्टो अवस्थामा प्रहरीले फेला पारेको जिल्ला प्रहरी प्रवक्ता डीएसपी दीपक कुमार रायले जानकारी दिए ।

अनुहार चिन्न सकिने अवस्थामा नरहेको, मृतक महिलाको घटनास्थल लाश जाँच मुचुल्का लगायतको कार्य सम्पन्न गरी मृतक लास पोष्टमार्टमको लागी प्रादेशिक अस्पताल गौरको शव गृहमा राखिएको छ ।

सुरक्षित राखिएकोमा मृतक महिलाको शव हाल सम्म सनाखत हुन नसकेकोले मृतक महिलालाई पहिचान गर्न सक्ने व्यक्तिले जिल्ला प्रहरी कार्यालय रौतहटमा सम्पर्क गर्न उनले आग्रह गरे ।

प्रवक्ता तथा डिएसपी रायका अनुसार घटना संकास्पद नै रहेको छ। एक दुईदिन अघि कसैले हत्या गरी महिलाको शव त्यहाँ फालेर गएको हुनसक्ने अनुमान गरिएको छ। तत्काल घटना बारे अनुसन्धान भईरहको छ, पोस्टमार्टम रिपोर्ट आएर अनुसन्धान सकेपछि घटना बारे यकिनका साथ भन्नसक्ने प्रवक्ता रायले बताए ।

यसरी नवविवाहिता महिलाले लगाउने सम्पूर्ण गहना लगाएको र श्रृंगार समेत गरेको अबस्थामा शव बरामद हुनु आफैंमा एउटा ठूलो घटनाको संकेत दिइरहेको छ । तराई मधेशमा पछिल्लो समयमा दाइजो लगायतको विभिन्न कारणले नवविवाहिताको हत्या गर्ने घटनामा वृद्धि भएको छ ।

# धनुषाधाम उद्योग वाणिज्य संघको अधिवेशनका समिति गठन



**टुडे समाचारदाता**

जनकपुरधाम । धनुषाको धनुषाधाम नगरपालिकास्थित धनुषाधाम उद्योग वाणिज्य संघको अधिवेशन सम्पन्न गर्नका लागि गठित आयोजक समितिको संयोजकमा मुकेश कुमार ठाकुर चयन भएका छन् । सो समितिमा देवशरण कापर, दिनेश शर्मा लगायत अन्य सदस्यहरूलाई समेत चयन गरिएको जनाइएको छ ।

संयोजकमा चयनित भएका ठाकुरले भने, 'धनुषाधाम उद्योग वाणिज्य संघको अधिवेशन सफलतापूर्वक सम्पन्न गराउनका निम्ति मलाई संयोजकको जिम्मेवारी प्रदान गरेकोमा म सम्पूर्ण पदाधिकारी, सदस्य एवम् शुभेच्छुकप्रति आभार प्रकट गर्दछु ।'

ठाकुरले आफूले पाएको जिम्मेवारीलाई इमानदारी, निष्ठा र पूर्ण समर्पणका साथ निर्वाह गर्ने प्रतिबद्धता व्यक्त गर्दै अधिवेशनलाई सफल, व्यवस्थित र प्रभावकारी रूपमा सम्पन्न गर्न सक्दो प्रयास गर्ने जनाए ।

सो अधिवेशनको मिति, कार्ययोजना र कार्यक्रमहरूबारे थप विवरण आगामी दिनमा सार्वजनिक गरिने तयारी समितिले जनाएको छ ।

# महिला कृषक स्वयंसेविका परिचालन गरिने

**टुडे समाचारदाता**

जनकपुरधाम । एक हजार चार महिला कृषक स्वयंसेविका परिचालन गर्ने योजना मधेश प्रदेश सरकारको रहेको छ । महिलाको सहभागितामा कृषि क्षेत्रमा युगान्तकारी परिवर्तन ल्याउने उद्देश्यले महिला कृषक स्वयंसेविका परिचालन गर्न लागिएको जनाइएको छ ।




मुख्यमन्त्री सतीशकुमार सिंहले 'महिला कृषक स्वयं सेविका कार्यक्रम' अन्तर्गत महिला कृषक स्वयंसेविका परिचालन गर्ने तयारी गरिएको जानकारी दिए । उनले यो कार्यक्रमले कृषि क्षेत्रमा ठुलो फड्को मार्ने उल्लेख गर्नुहुँदै सरकारले प्रत्येक वडामा एक जना महिला कृषक स्वयंसेविका परिचालन गरिने बताए ।

उनले भने, "स्वास्थ्य क्षेत्रमा जस्तै कृषि क्षेत्रमा पनि सेवा प्रवाह गर्ने उद्देश्यसहित 'महिला कृषक स्वयंसेविका परिचालन कार्यक्रम' लागु गरिएको हो । जसरी महिला स्वास्थ्य स्वयंसेविकाले गाउँ-गाउँमा स्वास्थ्य सेवा पुऱ्याउँदै आउनुभएको छ, त्यसरी नै कृषकसँग प्रत्यक्ष सम्पर्कमा रही कृषि सेवा दिने व्यवस्था मिलाइएको छ ।"

उनले हामीले मधेश मात्र होइन देशलाई नै पुग्ने गरी अन्न उत्पादनमा आत्मनिर्भर बन्ने लक्ष्य लिएको मुख्यमन्त्री सिंहले बताए ।

उनका अनुसार यो योजनाले रोजगारी सिर्जना गर्नुका साथै आत्मनिर्भर समृद्ध मधेश निर्माणमा सहयोग पुऱ्याउने छ ।


सरकारले स्वयंसेविकालाई आवश्यक तालिम दिएर कृषि प्रवर्द्धन, बीउ उत्पादन, किरा नियन्त्रण, मल व्यवस्थापन लगायतका क्षेत्रमा कृषकलाई सेवा दिने जिम्मेवारी दिनेछ । यस कार्यक्रमले महिलालाई रोजगार सँगै आर्थिक रूपमा सक्षम बनाउने मुख्यमन्त्री सिंह बताउँछन् ।

उनले भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयले एक हजार चार सय जना महिला कृषक स्वयंसेविका भर्ना गर्न जेठ १५ गते सूचना प्रकाशित गर्दै दरखास्त आह्वान गरिएको बताए । इच्छुक महिलाले १५ दिनभित्र कृषि ज्ञान केन्द्रमा दरखास्त दिन सकिने उनले बताए ।

# साढे चार महिनादेखि मृत्युसँग लडिरहेकी यादवको निधन

**टुडे समाचारदाता**

जनकपुरधाम । साढे चार महिनादेखिपित्तथैलीकोशल्यक्रियापछि अचेत अवस्थामा जीवन र मृत्युबीच संघर्ष गरिरहेकी २५ वर्षीया पविता यादवको अन्ततः निधन भएको छ । सर्लाहीको हरिपुर्वा नगरपालिका-५ की पविता यादवको काठमाडौंको केएमसी अस्पतालमा शुक्रबार बिहान ७ बजे मृत्यु भएको छ ।



पविताको गत माघ ३ गते जनकपुरधाम-१४ को पिडारीचोकस्थित दर्ताविना सञ्चालनमा रहेको मुस्कान अस्पतालमा पित्तथैलीको शल्यक्रिया गरिएको थियो । त्यसयता उनी उपचारको क्रममा रहे पनि निरन्तर अचेत थिइन् । प्रारम्भिक उपचार जनकपुरधाममै गरिए पनि अवस्था जटिल बन्दै गएपछि उनलाई साढे तीन महिना अघि काठमाडौं ल्याएर केएमसी अस्पतालमा भर्ना गरिएको थियो । सो अस्पतालको भेन्टिलेटरमा राखेर उपचार भइरहेको बेला शुक्रबार बिहान उनको मृत्यु भएको प्रहरी हवलदार बेदनाथ पौडेलले बताए ।

पविताका पति अंगेश यादव अस्पतालमा उपस्थित हुन नसकिरहेको अस्पतालले बताएको छ । कमजोर आर्थिक अवस्थाका कारण उनले एक महिना अघि नै अस्पताल छोडेका थिए । त्यसयता पविताको हेरचाह गर्ने पनि कोही थिएन ।

केएमसीले पटकपटक अंगेशलाई अस्पताल आउन आग्रह गरे पनि उनी नआएपछि अस्पतालले जेठ १४ गते जिल्ला प्रहरी कार्यालय सर्लाहीलाई पत्राचार गरी उनलाई बोलाउन आग्रह गरेको थियो । पविताका बुबा ब्रह्मदेव यादवले जनाए अनुसार जनकपुरधामको सूर्या अल्ट्रासाउन्डका सञ्चालक सुशील यादवको सल्लाहमा मुस्कान अस्पतालमा शल्यक्रिया गराइएको थियो । अस्पताल दर्ताविना सञ्चालित रहेको र त्यहाँ सरकारी जागिरे कमल राइनले श्रीमतीको नाममा सञ्चालक राखेर खोलेको खुलासा भएको छ । शल्यक्रिया डा. ज्ञानकुमार साहले गरेका थिए ।

शल्यक्रियापछि तीन दिनसम्म पविता होसमा नआएपछि सिटी स्क्यान गर्न सल्लाह दिइएको थियो। तर सम्बन्धित विशेषज्ञ नभएको भन्दै उनलाई जानकी हेल्थकेयर हुँदै काठमाण्डु लगिएको थियो ।

पविताको सम्पूर्ण उपचार खर्च मुस्कान अस्पतालले व्यहोर्नुपर्ने निर्देशन दिएका थिए । तर अहिलेसम्म अस्पतालले एक लाख रुपैयाँ मात्रै बुझाएको र त्यसपछि सञ्चालक सम्पर्कविहीन भएको पविताका पति अंगेशले जानकारी दिए ।

पविताका बुबाले गत जेठ १ गते जिल्ला प्रहरी कार्यालय धनुषामा पाँच जनाविरुद्ध जाहेरी दिएका छन् । जाहेरीमा मुस्कान अस्पतालका सञ्चालक, शल्यक्रिया गरेका डा. ज्ञानकुमार साह, एनेसथेसियामा संलग्न व्यक्ति, र सुशील यादवसमेत प्रतिवादी बनाइएको छ ।


आवश्यकता

जनकपुरधाममा संचालित अति सुविधा सम्पन्न होटल अंजनी सुइट प्रा.लि.का लागि तपसिल बमोजिमको कर्मचारीहरु आवश्यक परेको इच्छुक तथा योग्य उम्मेदवारहरूले ७ (सात) दिन भित्र आफ्नो बायोडाटा सहित सम्पर्क गर्नु हुन अनुरोध छ ।




| सि. नं. | पद | संख्या | शैक्षिक योग्यता |
|---|---|---|---|
| १ | मेनेजर | १ (एक) | स्नातक उत्तीर्ण गरी कम्प्युर सम्बन्धी ज्ञान भएको तथा अंग्रेजी बोल्न सक्ने |
| २ | रिसेप्शनिस्ट (महिला) | १ (एक) | |

नोट : अनुभवीलाई विशेष प्राथमिकता दिइनेछ ।
तलब सुविधा : आकर्षक

सम्पर्क नं. : ९८५४०२६०२५, ९८०११२७४९१
email: anjanisuite@gmail.com


**जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.**द्वारा प्रकाशित **प्रधान सम्पादक** : बृजकुमार यादव, **ठेगाना** : जनकपुरधाम, **फोन नं.** ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८